# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क ४५ | २०७४ जेठ १ गते सोमबार | Monday, May 15, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


## माके छाड्दै क्रान्तिकारी माओवादीमा प्रवेश

◆ वर्गदृष्टि संवाददाता/दार्चुला

संसदीय आहालमा चुर्लम्म डुब्न पुगेको नेकपा (माओवादी केन्द्र) कांग्रेससँगै प्रतिक्रियावादी कित्तामा उभिन पुगेपछि माओवादी केन्द्र छाड्नेहरुको क्रम निकै बढेर गएको छ । त्यसमाथि स्थानीय तहको निर्वाचनमा गरिएको तालमेल, पार्टी अध्यक्ष समेत रहेका पुष्पकमल दाहालमा देखिएको परिवारवाद, नातावाद र कृपावादबाट आजित भएका इमान्दार नेता कार्यकर्ताहरुले धमाधम पार्टी परित्यागको घोषणा गर्न थालेका छन् । पहिलो चरणको निर्वाचनको मुखैमा ललितपुर र रुकुममा दर्जनौ नेता कार्यकताले पार्टी परित्यागको घोषणा गरे भने दार्चुलाबाट प्राप्त समाचार अनुसार पूर्व जनमुक्ति सेनाका कमाण्डरसमेत रहेका माओवादी केन्द्रका नेता दिलेन्द्र कुँवर'एसएलआर' नेकपा (क्रान्तिकारी माओवादी)मा प्रवेश गरेका छन् । उनीसँगै पार्वती कुँवर पनि क्रान्तिकारी माओवादीमा प्रवेश गरेको हाम्रा संवाददाताले जानकारी दिएका छन् ।

# 'निर्वाचनको क्रान्तिकारी उपयोग' सफल

◆ वर्गदृष्टि संवाददाता

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले स्थानीय तहको प्रथम चरण निर्वाचन भएसँगै निर्वाचनको क्रान्तिकारी उपयोग सम्बन्धी मोर्चाको नीति सफल भएको दावी गरेका छन् । वर्गदृष्टि साप्ताहिकसँग कुरा गर्दै अध्यक्ष गजुरेलले यस्तो दावी गरेका हुन् । वर्तमान प्रक्रियावादी व्यवस्था र पश्चगामी संविधानको भण्डाफोर र संगठन विस्तारको आधार निर्माणको मुख्य उद्देश्य लिएकोमा त्यसमा मोर्चा सफल भएको उनले दावी गरे ।

अध्यक्ष गजुरेलले यो निर्वाचनले जनताको जीवनस्तरमा कुनै परिवर्तन नल्याउने दावी गर्दै स्थानीय निर्वाचन नभएका कारण समस्या भोग्नुपरेको भ्रममा रहेका जनताहरु अब यो व्यवस्था र संविधानबाट भ्रम मुक्त हुने बताए । उनले भने, "२० वर्षदेखि चुनाव नभएका कारण हामीले दुःख पाएका हौं भन्ने जस्तो भ्रममा छन् जनता । तर सत्य त्यो होइन, यो प्रतिक्रियावादी व्यवस्था र पश्चगामी संविधान अन्तर्गत गरिएको निर्वाचनमा जसले जिते पनि त्यही व्यवस्था लागू गर्ने हो । त्यसबाट जनताले केही पाउँदैनन् । चाँडै नै जनतामा अब यो व्यवस्था र संविधानका विरुद्ध आक्रोश चुलिन्छ ।"

प्रतिक्रियावादी व्यवस्था र सरकारले यही व्यवस्था र जनविरोधी चरित्रको संविधान कार्यान्वयन गर्न यो निर्वाचनको आयोजना गरिएको भन्दै अध्यक्ष गजुरेलले जनताले अब प्रत्यक्ष रुपमा यस व्यवस्थाको जनविरोधी चरित्रको महसुस गर्ने पनि बताए । उनले भने, "अब स्थानीय स्तरमा आउने बजेटमा संसदवादी दलका कार्यकर्ताबीच ब्रम्हलुट मच्चाउन प्रतिस्पर्धा चल्छ र संस्थागत रुपमा भ्रष्टाचार गर्छन् ।"

माथिल्लो निकायमा भ्रष्टाचार र कमिसनका कारण राज्यका प्रायः सबै निकाय बद्नाम भएको अवस्थामा स्थानीय निकाय त्यसबाट अछुतो हुनै नसक्ने अध्यक्ष गजुरेलले दावी गरे । उनीहरुले अब स्थानीय निकायमा गर्ने जनविरोधी क्रियाकलापको विरोध, भण्डाफोर र जनताको हित र अधिकारको पक्षका आवाज उठान नै देजमो तथा क्रान्तिकारी माओवादीका नेता कार्यकर्ताहरु जनताको घरदैलोमा आउने बताउँदै



अध्यक्ष गजुरेलले त्यसको लागि निर्वाचनको क्रान्तिकारी उपयोग मार्फत् आधार तयार पारिएको दावी गरे ।

यस निर्वाचनमा नेकपा (क्रान्तिकारी माओवादी)ले देजमो मार्फत् निर्वाचनको क्रान्तिकारी उपयोग गरेको थियो । पहिलो चरणको निर्वाचनमा अधिकांश जिल्लामा उसले उम्मेदवारी दिएको थियो ।

यसैबीच, पहिलो चरणअन्तर्गत तीन प्रदेशमा आइतबार भएको स्थानीय तह निर्वाचनमा ७३ प्रतिशत मत खसेको निर्वाचन आयोगले दावी गरेको छ । प्रदेश नम्बर ३, ४ र ६ का ३४ जिल्लाका २८१ स्थानीय तहमा पहिलो चरणमा मतदान भएको हो । दुई वटा तहमा यसअघि नै प्रतिनिधि निर्विरोध निर्वाचित भइसकेका थिए । आइतबार दोलखा, काभ्रे र कालिकोटका एकएक स्थानमा मतदान स्थगित भएको छ ।

निर्वाचन आयोगको प्रारम्भिक अनुमान अनुसार तीनै प्रदेशमा ७३ प्रतिशत मत खसेको छ । सबैभन्दा बढी भक्तपुरमा ८३ प्रतिशत मत खसेको छ भने रसुवामा ८२ प्रतिशत मत खसेको छ । काठमाडौंमा ७५.५ प्रतिशत मत खसेको छ भने ललितपुरमा ७९.७६ प्रतिशत मत खसेको छ । सबैभन्दा कम मनाङमा ५३ प्रतिशत, म्याग्दीमा ६८ प्रतिशत र तनहुँमा ६९ प्रतिशत मत खसेको छ । दोस्रो संविधानसभा निर्वाचनमा ७९ प्रतिशत मत खसेको थियो ।

चार वटा महानगरपालिका, एक वटा उपमहानगरपालिका, ९२ नगरपालिका र १८६ गाउँपालिकामा प्रमुख/उपप्रमुखसहित वडाध्यक्ष, महिला वडाध्यक्ष, दलित महिला वडाध्यक्ष र खुला महिला वडाध्यक्ष निर्वाचनका लागि मतदान भएको हो । पहिलो चरणबाट नगरप्रमुख/अध्यक्ष २८३, उपप्रमुख वा उपाध्यक्ष २८३, वडाध्यक्ष २,५९८, महिला वडा सदस्य २,५९८, दलित महिला वडा सदस्य २,५९८ र खुला ५,१९६ सदस्य निर्वाचित हुनेछन् । प्रमुख वा अध्यक्षमा १ हजार ७ सय २३ पुरुष र १ सय ५७ महिला उम्मेदवार छन् । उपप्रमुखमा भने महिलाको संख्या निकै बढी छ ।

उपप्रमुख वा उपाध्यक्ष पुरुष २ सय ५७ र महिला १ हजार १ सय २७ उम्मेदवार छन् । वडाध्यक्ष पुरुष १ हजार २ सय ९६ जना र महिला ४ सय ४८ जना उम्मेदवार छन् । पहिलो चरणको निर्वाचनमा कुल मतदाता ४९ लाख ५६ हजार ९२५ रहेकोमा ६ हजार ६ सय ४२ मतदान केन्द्र थिए । २८३ स्थानीय तहअन्तर्गत मनाङ जिल्लाको नारफू गाउँपालिका र डोल्पा जिल्लाको शेफोक्सुन्डो गाउँपालिकामा यसअघि नै निर्विरोध निर्वाचन भइसकेको थियो ।

काभ्रे जिल्लाको नमोबुद्ध नगरपालिका वडा नं. ४ को मतदान केन्द्र र कालीकोटको कालिका गाउँपालिकाको बालाचौर आधारभूत विद्यालयमा रहेको मतदान केन्द्रको मतदानकार्य स्थगित भएको आयोगले जनाएको छ । दोलखा जिल्लाको मेलुङ

... बाँकी ७ पेजमा

## निर्वाचनसँगै मतगणना सुरु चितवन मा विवाद

काठमाडौं । मतदान सकिए लगत्तै काठमाडौं र चितवन महानगरपालिका बाहेका स्थानमा मतगणना सुरु भएको छ । चितवन र काठमाडौंमा मतपेटिका साटफेर गरेको भन्दै एमाले र देजमोका नेता कार्यकर्ताहरुले नाराबाजी गरेका छन् । चितवनमा निर्वाचन सकिए लगत्तै एकाध घण्टामा मतपेटिका जम्मा गर्न सकिने भएपनि राती ढिलोगरी ११ बजेसम्म मतपेटिका असुरक्षित भएको र साटफेर गरिएको हुनसक्ने भन्दै देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल र एमालेका स्थानीय नेता कार्यकर्ताले विरोध गरेका छन् । चितवनमा देजमोकी प्रभावशाली नेतृ अम्बिका मुडभरीले महानगरपालिकाको मेयरमा उम्मेदवारी दिएकी छिन् । माओवादी केन्द्रकी उम्मेदवार रेणु दाहालसँग राम्रै प्रतिस्पर्धी भएका कारण जित सुनिश्चित नहुने देखिएपछि कांग्रेस र माकेहरुको डिजाइनमा मतपेटिका साटफेर भएको हुनसक्ने गम्भीर आशंका उनीहरुले गरेका छन् ।

स्मरण रहोस् कि माओवादी केन्द्रले प्रचण्डपुत्रीलाई जिताउन चितवनमा साम, दाम, दण्ड, भेदलगायत सबै हथकण्डा प्रयोग गरेको छ । यहाँसम्म कि विचार र राजनीतिक हिसाबले विपरीत ध्रुवको मानिने कांग्रेससँग चुनावी तालमेलसम्म गर्न पुगेका छन् । निर्वाचनमा कांग्रेसका कार्यकर्ताहरुले माओवादी केन्द्रकी

... बाँकी ८ पेजमा

# दलीय फासीवाद लाद्ने स्थानीय निर्वाचन

काठमाडौं । देशका ३४ जिल्लाका २ सय ८३ स्थानीय तहमा आइतबार निर्वाचन सम्पन्न भएको छ । यसले चार महानगरपालिका, ९२ नगरपालिका र १ सय ८६ वटा गाउँपालिका, २ हजार ५ सय ९८ वडामा स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरु चयन हुनेछन् । यो निर्वाचनमा नेकपा (क्रान्तिकारी माओवादी) को संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चाले पार्टीको क्रान्तिकारी उपयोगको नीति अनुसार निर्वाचनमा भाग लिएको छ । यो निर्वाचनलाई क्रान्तिकारीहरुले जित र हारको प्रतिष्ठाको लडाई भन्दा पनि नेपाली जनवादी क्रान्तिलाई नयाँ आधारमा अघि बढाउनका लागि एउटा ठोस आधार तयार गर्ने अवसरका रुपमा उपयोग गरिएको अर्थमा लिनुपर्दछ । क्रान्तिकारी माओवादीले यो निर्वाचनलाई उपयोग गर्ने कार्यनीति बनाएपछि खासगरी दुई वटा पार्टीमा सबैभन्दा ठूलो छटपटाहट देखियो । पहिलो त संसदवादमा डुबेको माओवादी

**टिप्पणी**

केन्द्रमा खैलाबैला मच्चियो र उनीहरुले यो उपयोगको नीतिलाई आफ्नो पार्टीको संसदीय यात्राकै रुपमा ब्याख्या गरेर आफूहरुकै बाटोमा आएको भ्रम फैलाउन खोज्यो । त्यो उसको पहिलो प्रचारबाजी असफल हुने देखेपछि क्रान्तिकारी माओवादीको निर्वाचन उपयोगको नीतिले सबै स्थानमा आफूहरुको मत काटिने अर्थमा बुझ्यो र देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका उम्मेदवारलाई फकाउने, किन्न खोज्ने, एउटै समिकरण बनाउने र धम्काएर बलपूर्वक पछि हटाउन खोज्यो । त्यसलाई क्रान्तिकारीहरुले विफल तुल्याइदिए र कतिपय स्थानमा क्रान्तिकारी माओवादीका विरुद्ध काँग्रेससँग गठबन्धन गऱ्यो । यो कुनै एक स्थानको कुरा होइन, जहाँ उनीहरु प्रतिस्पर्धामा थिए र क्रान्तिकारी माओवादीको उम्मेदवारीले सच्चा देशभक्त, क्रान्तिकारी र परिवर्तनको पक्षमा रहेका मतदाताको भोट क्रान्तिकारीलाई आउने भएपछि उनीहरुमा छटपटाहट हुनु स्वभाविक थियो ।

... बाँकी ७ पेजमा

# ओबर सम्झौतामा नेपालको हस्ताक्षर



काठमाडौं । नेपाल र चीनबीच शुक्रबार वन बेल्ट वन रोड (ओबीओआर) सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । समझदारीपत्रमा नेपालका तर्फबाट परराष्ट्रसचिव शंकरदास बैरागी र चीनबाट तर्फबाट यहाँस्थित चिनियाँ राजदूत यु होङले परराष्ट्र मन्त्रालयमा शुक्रबार बिहान हस्ताक्षर गरेका हुन् । सहमति अनुसार दुई देशबीच आगामी दिनमा प्रमुख पाँच क्षेत्रमा सहयोग अभिवृद्धि गर्ने लक्ष्य लिइएको छ ।

द्विपक्षीय समझदारीपत्रमा हस्ताक्षर भएसँगै नेपाल चीनले अघि बढाएको वन बेल्ट वान रोड अवधारणाको ४१ औं सदस्य बनेको छ । समझदारीपत्रमा नेपाल र चीनबीच आर्थिक विकाससम्बन्धी नीति निर्माण तर्जुमा गर्दा आपसमा समन्वय गर्ने (पोलिसी कोअर्डिनेसन), रेल तथा सडक कनेक्टिभिटी बढाउने (फ्यासिलिटी कनेक्टिभिटी), व्यापार तथा पारवहन कनेक्टिभिटी सुदृढ बनाउने (ट्रेड कनेक्टिभिटी), आर्थिक एकीकरणमा जोड दिने (फाइनान्सियल इन्टिग्रेसन) र जनस्तरको सम्पर्क अभिवृद्धि (पिपुल टु पिपुल कन्ट्याक्ट्स) गरेर पाँच क्षेत्र छुट्ट्याइएको छ ।

सहकार्यको पहिलो क्षेत्रअनुसार आगामी दिनमा नेपाल र चीनबीच आर्थिक विकाससम्बन्धी नीति निर्माणमा आपसमा समन्वय हुनेछ । अधिकारीहरूका अनुसार यो क्षेत्रअन्तर्गत नेपालको राष्ट्रिय योजना आयोग र चीनको राष्ट्रिय विकास सुधार आयोगबीच भविष्यमा विकास रणनीति तय गर्दा सहकार्य र समन्वय हुन सक्नेछ ।

समझदारीपत्रको दोस्रो क्षेत्रअन्तर्गत भौतिक पूर्वाधार निर्माण पर्छ । रेल र सडक कनेक्टिभिटी विस्तार यस क्षेत्रको मुख्य अंग हो । चिनियाँ रेल सञ्जाललाई नेपालसम्म विस्तार र चीनतर्फबाट सडकसँग नेपालका सडकले जोड्नेलगायत विषय परेका छन् ।

सहकार्यको तेस्रो क्षेत्र व्यापार कनेक्टिभिटी हो । सीमामा सुक्खा ब न्द र गा ह

... बाँकी ७ पेजमा

### अमेरिकामा बनेको भाइरसले बनाउँदैछ विश्वका कम्प्युटर ध्वस्त

# साइबर हमलाबाट एकै पटक १५० देशका २ लाख सिस्टम प्रभावित

एजेन्सी । संसारका धैरै देशका कम्प्युटरमा हमला गर्ने फिरौती भाइरसको सम्बन्ध अमेरिकी राष्ट्रिय सुरक्षा एजेन्सी अर्थात एनएसएसँग जोडिएको पाइएको छ । यो नयाँ जानकारीले अमेरिका सरकारको यस प्रकारको गडबडी भएको भाइरसलाई लुकाएर राख्ने निर्णयमाथि प्रश्न उठेको छ । गत अप्रिलमा ह्याकिङ समूह श्याडो ब्रोकर्सले यस प्रकारको भाइरसको ठूलो हिस्सा लीक गरेको थियो । शुक्रबार भएको साइबर हमलामा प्रयोग भएको रेनसमवेयर अर्थात फिरौती भाइरसको केही हिस्सा लीक भएकोसँग मिल्दोजुल्दो पाइएको छ । प्राविधिक वेबसाइट एआरएस टेक्निकाका अनुसार ह्याकर्स समूह




श्याडो ब्रोकर्सले पछिल्ला ८ महिनामा एनएसएका साइबर हतियारको जानकारी लीक गरिरहेको थियो । यो भाइरस अमेरिकाले आतंकवादविरुद्ध प्रयोगका लागि निर्माण गरेको हो । जसले अहिले विश्वमा एक प्रकारको साइबर हमलाको आतंक नै मच्चाएको छ । यसरी प्रभावित हुनेमध्ये सबैभन्दा बढी ७५ हजार रुसी कम्प्युटर रहेका छन् ।

य सै बी च

... बाँकी ८ पेजमा

# 'स्थानीय निर्वाचन'लाई क्रान्तिकारीहरूले कसरी बुझ्ने ?

**राष्ट्रिय दलको रूपमा मान्यता प्राप्त गर्न कम्तिमा ३ प्रतिशत मत र १ सिट प्रत्यक्षमा जितेको हुनु पर्ने छ । यसरी अर्को पटकबाट राष्ट्रिय दलको रूपमा मान्यता प्राप्त नगर्ने संसदमा प्रतिनिधित्व गर्ने दलहरूले पनि आफ्नो पार्टीको चुनाव चिन्ह लिएर भाग लिन पाउने छैनन् ।**



● दिनेश शर्मा

**१. विषय प्रवेश:**

दश वर्षको जनयुद्ध, १९ दिने जनआन्दोलन, मधेश आन्दोलन तथा आदीवासी जनजाति आन्दोलन र संविधान सभाको निर्वाचन पश्चात बनेको जनविरोधी संविधान तथा बैदेशिक दलाल राज्यसत्ताले यतिबेला स्थानीय तहको निर्वाचन दुई चरणमा गराउने घोषणा गरेको छ । त्यसमा पनि उनीहरु (वुर्जुवाहरु)ले भन्ने गरेको लोकतन्त्र भनेको कथित प्रजातान्त्रिक अभ्यासको उच्च रुप । यतिबेला त्यसैको खिल्ली उडाउदै कथित निर्वाचनको नाटक गरिरहेका छन् । यसैलाई एउटा जीवनमरणको सवाल बनाइरहेका छन् । आफूलाई प्रजातान्त्रिक शक्तिको मसिहा ठान्ने नेपाली कांग्रेस त छदैछ, कम्युनिष्टका नाममा विगतदेखि नै बुर्जुवा वर्गमा रुपान्तरित भएर प्रतिक्रियावादी वर्गमा पतन हुँदै गएको एमाले र तीव्र गतिमा बुर्जुवाकरण हुँदै गएको माओवादी केन्द्रदेखि प्रतिगामी विचार बोकेको राप्रपा हुँदै क्षेत्रीय स्तरका मेधशवादी दलहरुसम्म भारतीय विस्तारवादलगायत विदेशी साम्राज्यवादको इशारामा दलालतन्त्रलाई स्थानीय स्तरसम्म संस्थागत गर्न कथित स्थानीय निर्वाचनको नाटक गरिरहेका छन् ।

कहिले सामन्तवादी सत्ताको नेतृत्वमा त कहिले संसदीय लोकतन्त्रको नेतृत्वमा दलालीको बाटोबाट लामो अभ्यास गर्दै आएका कारण अशिक्षित चेतनाको स्तर कमजोर भएका हाम्रो जस्तो पिछडिएका देशका जनता आफूमा कुहिरोका काग सावित भएका छन् । कुन विचार सहि हो, कुन पार्टीले वास्तवमा आमुल परिवर्तनको विचार बोकेको छ र कुन-कुन पार्टीहरु वास्तवमा नै विदेशी दलालका रुपमा मात्र आफ्ना गतिविधि गरिराखेका छन् भन्ने कुरा मसिनो तवरबाट छुट्ट्याउन तिर होइन बरु कसले सामदाम दण्ड भेदका आधारमा अत्यन्तै झड्किलो र तामझामका साथ आफ्ना गतिविधि संचालन गरी राखेका छन् । त्यसैलाई सही सावित भएको ठान्ने र पछि लाग्ने प्रवृत्ति आजको २१ औं शताब्दीमा आईपुग्दा समेत हटाउन सकेका छैनौं । अशिक्षित मात्र पनि होइन, कथित बुर्जुवा डिग्री हासिल गरेका एकाध व्यक्तिहरु झनै आफ्नो निहित र तुच्छ व्यक्तिगत स्वार्थपूर्तिका खातिर दलाल पार्टीहरुको पनि

... बाँकी ७ पेजमा

## सम्पादकीय

# भण्डाफोरलाई तीव्र पारौं !

प्रतिक्रियावादी संसदीय व्यवस्था अन्तर्गत गरिएको स्थानीय तहको पहिलो चरणको निर्वाचनको क्रममा भएका घटनाक्रमले त्यस व्यवस्थाको कुरुपता र जनविरोधी हर्कतहरुलाई उदांगो पारेको छ। प्रतिक्रियावादी सत्ता स्वार्थका निम्ति संसदवादी दलहरु कति हदसम्म अनैतिक बन्न सक्छन् र आफ्नो पार्टीको मूल्य मान्यता र आदर्शलाई कसरी सजिलै तिलाञ्जली दिन सक्छन् भन्ने कुरा यो चुनावमा राम्रैसँग प्रदर्शित भयो ।

कांग्रेस-माके गठबन्धन र एमाले-राप्रपा गठबन्धनले नेपालको भावी राजनीतिको दशा र दिशालाई स्पष्ट पारेको छ भने संसदीय राजनीतिभित्र मौलाएको नातावाद, कृपावाद र परिवारवादलाई पनि जनताले बुझ्नगरी नै स्थापित गरिदिएको छ। त्यसमाथि पैसासँग पद साटिएका दृष्टान्त र पैसाले भोट किनिएका घटनाहरु पनि राम्रैसँग देखिए । सत्ता र शक्तिको दुरुपयोग गरेर मतपेटिका साटफेर पार्ने र फर्जी मतको हाल्ने गरिएका घटनाक्रमहरु पनि घटित भए ।


संसदवादी दलहरुबीचमा नै यहाँसम्मको चुनावी उन्माद देखियो कि उनीहरुले फरक दलका कार्यकर्ताको हत्यासम्म गर्न पुगे । दोलखा घटना त्यसैको उदाहारण बन्न पुग्यो । र, काभ्रे, दोलखा र कालिकोटमा निर्वाचनको सुरक्षाको नाममा तीनजनाको प्रहरीले गोली हानी हत्या गऱ्यो । र, राज्यले अनावश्यक रुपमा शान्ति सुरक्षाको नाममा दमन गर्न पुग्यो ।

चुनावको क्रान्तिकारी उपयोगको नीति लिएर चुनावमा सहभागी बनेको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाललाई चुनाव चिन्ह नै नदिएर जनतामा जान र जनमत लिन नै प्रतिबन्ध जस्तै लगाइयो। उम्मेदवारै पिच्छे फरक परक चुनाव चिन्ह लिएर स्वतन्त्र हैसियतमा चुनावमा जाँदा जनताले चुनाव चिन्ह पहिचान गर्ने अवसर नै पाउन सकेनन् । यसरी क्रान्तिकारी माओवादी तथा देजमोका समर्थक जनताको मत लिने अवसरबाट सत्ताधारी दलले बञ्चित गराए । तर निर्वाचनको क्रान्तिकारी उपयोगको नीतिसँगै क्रान्तिकारी माओवादी देजमो मार्फत् आम जनतामा आफ्नो विचार र राजनीति लिएर जान सफल भयो । र, उसले प्रतिक्रियावादी संसदीय राज्यव्यवस्था र प्रतिगामी संविधानको भण्डाफोर गर्न र व्यापक रुपमा संगठनको संजाल विस्तार गर्ने आधार तयार पार्न भने सफल भएको छ। यसलाई अझ व्यापक र घनिभूत रुपमा लैजान जरुरी छ ।

२० वर्षदेखिको जनताको दुःखको मुख्य कारण नै स्थानीय तहको निर्वाचन नहुनु हो जस्तो गरी जनतालाई भ्रममा राखेका संसदवादी दलहरुले अब जनतालाई त्यो भ्रममा राखेर आफ्नो लुटको राजनीतिलाई कायम राख्न सक्ने छैनन्। यो राज्यव्यवस्थाका माथिल्ला निकायहरुमा संस्थागत रुपले मौलाएको भ्रष्टाचार र कमिसनको संजाल अब स्थानीय तहसम्म फैलिएर जान्छ र जुन पार्टीको जुनसुकै व्यक्ति निर्वाचित भएपनि उसले त्यसैलाई संस्थागत गर्छ । र, उसको भूमिका केवल 'विचौलिया' भएर जानेछ। उनीहरुको जनविरोधी हर्कत विस्तारै बढ्दै जानेछ। र, जनता उनीहरुबाट चाँडै नै आजित हुनेछन् र उनीहरुका विरुद्ध आक्रोसित बन्नेछन् ।

उनीहरुको यही जनविरोधी हर्कत्को विरुद्ध स्थानीय तहमा समानान्तर सत्ताको भूमिकामा पार्टी र मोर्चाको संरचना विस्तार गर्ने गरी अब क्रान्तिकारी नेता कार्यकर्ताहरुले जनताबीचमा जमेर काम गर्न सक्नु पर्दछ। त्यसका लागि जतिसक्दो संसदीय व्यवस्था र पश्चगामी संविधानका विरुद्ध जनचेतना जागृत गराउन भण्डाफोर अभियानलाई तीव्र रुपमा अगाडि बढाएर लैजानु पर्दछ। यसरी मात्रै क्रान्तिकारीहरुले स्थानीय स्तरमा जनसम्बन्ध सुदृढ पार्न सक्नेछन् र क्रान्तिका लागि आवश्यक जनाधारसहितको सुदृढ इलाकाको विस्तार गर्न सक्नेछन् । क्रान्तिकारी जनता, क्रान्तिकारी संगठनको बलियो जगमा मात्रै क्रान्तिको आगामी कार्यभार सम्पन्न गर्न सकिने छ ।


**परिवर्तनको सम्वाहक**




**सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।**

www.moolbato.com


# स्थानीय चुनाव (२०७४) र उच्च आर्थिक वृद्धिको प्रश्न



● सीताराम तामाङ ●

१) **विषय प्रवेश :** संघीय ब्यवस्था भएको मुलुकमा पहिले केन्द्र (संसद) र प्रदेशको, त्यसपछि प्रदेशले आफ्नो मातहतको स्थानीय तहको निर्वाचन गरेको पाईन्छ । तर नेपालमा सम्पन्न गरिन लागेको २०७४ बैशाख ३१ र हुने भनिएको जेष्ठ ३१ को स्थानीय तहको निर्वाचन २०६२/०६३को ऐतिहासिक जनआन्दोलन पछि बनेको अन्तरिम संविधान भन्दा पश्चगामी संविधान (२०७२) अन्तर्गत बनाएको अत्यन्त अलोकतांत्रिक कानुन "स्थानीय तह निर्वाचन ऐन -२०७३" अनुसार गरिएकोछ । धर्मनिरपेक्षता, गणतंत्र र संघीयतालाई कमजोर पार्न संघीय शासन व्यवस्थाको अन्तर्राष्ट्रिय मान्यता विपरित "स्थानीय तहको निर्वाचन" गरिएकोछ । किनभन; प्रथम अहिले तीन दलीय सिण्डिकेटले स्थानीय तहको निर्वाचन गराए पनि प्रदेशसभाले स्थानीय तह सम्बन्धी कानुन नवनाएसम्म स्थानीय तहहरुले कुनै काम गर्न पाउने छैनन् । यस्तो अवस्थाले संघीय ब्यवस्थाप्रति जनतामा वितृष्णा फैलाउन मद्दत पुऱ्याउँछ । दोस्रो, यही संविधानको धारा ५६ (५) अनुसार "संघीय कानुन बमोजिम सामाजिक, सांस्कृतिक संरक्षण र आर्थिक विकासका लागि विशेष,संरक्षित वा स्वायत्त क्षेत्र कायम" नगरी स्थानीय तहको निर्वाचन गराईंदैछ । यो कार्यबाट संघीयताप्रति उत्पीडित र सीमान्तकृत समुदायको नकारात्मक भावना बढ्नेछ । र तेस्रो; वहुदलीय शासन प्रणालीमा राजनीतिक पार्टीहरुलाई चुनाव चिन्ह पाउने अधिकारबाटै बञ्चित गरिएकोछ । यस प्रकारको अवस्थामा गरिने स्थानीय चुनावमा चिन्ह प्राप्त राजनीतिक पार्टीहरु, विशेषगरी तीन दलीय सिण्डिकेटले ठूल्ठूला विकासका सपना बाडेका छन् अर्थत झुठका खेती गरेकाछन् ता कि भ्रम बेचेर चुनाव जित्न सकियोस । झूटको खेती र वास्तविक खेतीमा के फरकछ ? यस विषयमा यहाँ सामान्य छलफल चलाईनेछ ।

२) **झूट खेतीको इतिहास :** हाम्रो देशमा भएको चुनावी इतिहास झण्डै छ दशक लामोछ । हरेक चुनावमा उमेरद्धारहरुले पत्यारिला, अपत्यारिला विकासे सपना बाढ्ने गरेका छन् र अहिले पनि एकपल्ट त्यो कार्य दोह्याएका छन् । चुनाव सकिए पछि हिजोको प्रतिज्ञा विर्सन्छन् र कुर्सीमा बसेर भ्रष्टचारको सपना बुन्दछन् र त्यो सपना पुरा गर्न कर्म, कूकर्म सबै गर्न तयार हुन्छन् । तिनलाई थाहा छ देश विकासको योजना केन्द्रबाट बन्दछ र केन्द्रबाट आएको बजेटबाट स्थानीय तहको विकास निर्माण गरिन्छ । तर त्यसै बजेटलाई पनि भ्रस्टचारको जालेमा पार्छन् र आफ्नो पेट भर्छन् । तिनै भ्रष्टाचारी पार्टीका नेताहरुले यस पटकको स्थानीय तहको चुनावमा पनि केन्द्रीय स्तरको (संसदको) चुनावको घोषणापत्र जारी गरेर ठूलाठूला सपना बाडेका छन् ता की ती सपनाभित्र सोझा-साझा जनता "माकुराको जालमा झिंङा" झै परुन् । पञ्चायतले "एसीयाली मानदण्डमा मुलुक पुऱ्याउने" विकासे सपना बाँडेर तीस बर्ष शासन गऱ्यो । आखिर पञ्चायती ब्यवस्था फटाहाहरुको ब्यबस्था सिद्ध भयो र ब्यबस्था नै ढल्यो । पञ्चायतले आर्थिक वृद्धिका २,३ प्रतिशत भन्दा माथि कहिल्यै पनि हाँसिल गर्न सकेन । झण्डै तीस बर्षदेखि ने.का., एमाले र मा.के.ले (२०६३पछि) संसदीय सत्ता संहालेका छन् तर तिनको आर्थिक वृद्धिदर पनि ४ प्रतिशतकै हाराहारीमा रह्यो (यो बर्ष ६/९ प्रतिशत हुने अनुमानछ) । तर स्थानीय तहको निर्वाचनको घोषणापत्रमा ने.का.ले एक दशकभित्र १० प्रतिशतसम्मको आर्थिक बृद्धिदर हाँसिल गर्ने र एमालेले दसकौंसम्म १० प्रतिशत भन्दा माथि आर्थिक वृद्धिदर पुऱ्याई राख्ने लक्ष लिएका छन् । मा.के को भ्यागुता उफ्राई गर्ने लक्ष पनि १० प्रतिशत भन्दा कम हुने कुरौ भएन । अझै अचम्भको कुरात के छ भने स्थानीय सरकारले मेट्रो रेल, द्रुतमार्ग र स्मार्ट सिटी निर्माण गर्ने योजना । उमेरद्धारहरुले त मेट्रो रेल र मोनो रेलहरु दुई, तीन बर्षमै संचालनमा ल्याउने समेत दावी गरेका छन् । अनि यथार्थ भन्दा परको सपना बाड्नु भनेको झुठको खेती नभए के हुन्छ !! तर यसले एउटा सत्य के देखाँउछ भने संसदीय ब्यवस्था पनि फटाहाहरुको ब्यवस्था हो र यसले ढल्नु अनिवार्य छ ।

३) **नेपालमा विकासका वाधक तत्वहरु के छन् ?**

❖ बुर्जुवा संसदीय ब्यवस्था आफै भ्रष्टचार गर्ने ब्यवस्था हो । सरकारमा जाने, भ्रष्टचार गर्ने र चुनावमा जनतालाई भ्रष्ट बनाउने, चुनाव जित्ने । लोकमान सिं कार्की र सुशिला कार्की प्रकरण त्यसैको प्रमाण हुन् । कुलमानले भ्रष्टचार नगरेकोमा कडा आपत्ति र विरोध गर्ने देश हो यो ।

❖ नेपाल अर्ध सामन्ती र अर्ध/नव औपनिवेशिक अवस्थामा रहेको देश हो । यहाँका राजनीतिक पार्टीका नेतृत्व पंतीले विदेशी शक्तिको भाटगिरी गर्दछन् । प्राकृतिक श्रोत-साधन उतै बुझाएकाछन् ।

❖ विदेशी मित्र राष्ट्रहरुले सित्तैमा बनाईदिएको उद्योग धन्दाहरु कौडीको दाममा दलाल पुँजीपतिहरुलाई विक्रि गरेका छन् ।

❖ अहिलेसम्म विकासका पूर्वाधार समेत खडा गरिसकेका छैनन् ।

❖ सन् १९५० को नेपाल-भारत सन्धि लगायत असमान सन्धि-संझौताहरुले बाँधिएका छन् ।

❖ नेपाल-भारत वीच खुल्ला सीमाना छ । नेपालको ब्यापारमा भारतीय पुँजीको एकाधिकारछ ।

❖ स्थानीय तहमा राज्यको ठूलो रकम जानेवालाछ । त्यसैले विदेशी शक्तिले राजनीतिक पार्टीहरुमा ठूलो धनराशी लगानी गरेका छन् ता की पछि ब्याजसहित फर्काउन सकियोस ।

❖ जवसम्म राष्ट्रिय पुँजीपतिवर्गको हकहित सुरक्षित गरिदैन र स्वतंत्र तथा स्वाधीन राष्ट्रिय अर्थतंत्रको निर्माण र विकास गरिदैन तवसम्म नेपालको विकास सम्भव छैन । दलाल पुँजीपति र नोकरशाही तथा भखरै पराजित सामन्तीवर्गका प्रतिनिधि रहेका बुर्जुवा संसदीय पार्टी चलाउने तीन दलीय सिण्डिकेटले गरेको विकासे बाचा भूटको खेती भन्दा अर्थोक होईन । फेरी एक पटक नेपाली जनता भ्रममा पर्नेछन् ।

४) **यथार्थ तितो हुन्छ तर औषधी हो :** नेपालमा भ्रष्टाचार संस्थागत भएकोछ । राष्ट्रघाती, जनघाती र भ्रष्टचारी लगायतका कूकृत्यहरु ने.का.,एमाले र मा.के. कै नेतृत्वमा हुँदै आएका छन् । ने.क.पा.( क्रान्तिकारी माओवादी) ले यी संसदवादी र प्रतिकृयावादी तत्वहरुले विगतदेखि गर्दै आएको कूकृत्यहरुको व्यापक विरोध र भण्डाफोर गर्दै आएको सार्बजनिकैछ । हाम्रो पार्टीबाट समर्थित देशभक्त जनगणतांत्रिक मोर्चा, नेपालले पनि मुलुक र जनताले भोग्नु परेको अहिलेको गम्भीर अवस्थामा स्थानीय तहको चुनावलाई उनीहरुको हकहितको पक्षमा ब्यापक रुपमा योजनासहित क्रान्तिकारी उपयोग गर्ने नीति लिएकोछ । लोडसेडिङ हटाउने कुलमानलाई खेद्नेहरुले तितो यर्थाथ बोल्ने दे.ज.मो.लाई पनि खेद्दैछन् । तर जनताले छिट्टै यो औषधि हो भन्ने थाहा पाउनेछन् र हामीलाई साथ दिनेछन् ।

## झर्रोटर्रो

✍ कैलुब्राह

# राजनीतिको हावा

*मलाई मेरो राजनीतिले कहाँ पुऱ्यायो,*
*युद्धमा रुवायो, अहिले हँसायो*
*आफ्नै थुतुनो आफैले हेर्न नहुने बनायो*
*मलाई मेरो राजनीतिले कहाँ पुऱ्यायो.....।*

यो गीत नेपाल कमाउ पार्टी (मारवाडी केन्द्र) अर्थात् नेकपा (माके)का सुप्रिमो मिस्टर पिकेले चितवनमा आयोजित शुद्ध र पवित्र (?) गठबन्धनको ककटेल सभामा गाएका हुन् । सरकारमा सहभागी चारतारे दलका प्रमुख कामरेड डेउडापति र माके सुप्रिमो मिस्टर पिकेले दुवै दलका भोटर रैती मनुवाहरूलाई एकअर्का पार्टीका उमेद्वारलाई भोट माग्ने क्रममा उक्त गीत गाएका हुन् । नेपाल मण्डलमा पनि चीनमा माओले जनयुद्ध लडेर ल्याए जस्तै नयाँ जनवाद ल्याउने भनेर जनयुद्ध लडाउने पार्टीको नेतृत्व गरेका मिस्टर सुप्रिमो यतिखेर जसका विरुद्ध युद्ध लडेको हो त्यसैसँग हातमा हात, काँधमा काँध, मुखमा मुख र टाउकोमा टाउको मिलाएर सत्ताको भोज खाइरहेका छन् । राजनीतिमा एउटा बाटो समाएर एकातिर हिँडेको मिस्टर सुप्रिमो गन्तब्यमा पुग्नेबेला अर्कै ठाउँमा पुगेपछि उत्पन्न परिस्थितिका कारण उपर्युल्लिखित गीत गाउन पुगेका हुन् ।

चितवनमा आयोजित ककटेल सभालाई मिस्टर सुप्रिमो र कामरेड डेउडापतिले संयुक्त रूपमा सम्बोधन गरे । आज हुने पहिलो चरणको गाउँले सरकारको चुनाउमा माके सुप्रिमो र चारतारे डेउडापतिले चुनावी तालमेल गरेका छन् । त्यहि तालमेलका कारण दुबै दलका लाउकेहरूले संयुक्तरूपमा सम्बोधन गर्ने कार्यक्रम मिलाइएको हो । सम्बोधनका क्रममा कामरेड डेउडापतिले त यो तालमेलको सहकार्य दीर्घकालसम्म बलियो बनाउनु पर्छ भने । युद्धका बेला आफैले पाचास लाखको मूल्य तोकेका मिस्टर सुप्रिमोको टाउको अहिले आफ्नै टाउकामा एकाकार हुन आएपछि अब आफूपनि कामरेड डेउडापति हुन पाएकोमा निकै प्रफुल्ल छन् । त्यसैले उनले मिस्टर सुप्रिमोको दलको चुनावी चिन्ह गोलघेरे हँसिया ठोक्केमा आफ्नो दलका रैतीहरूलाई मतदानको छाप धस्काइदिन आदेश गरे । त्यसैगरि मिस्टर सुप्रिमोले पनि आफूहरू नयाँ परिबेसमा आएको र जनयुद्धलाई दस बर्स पहिला नै विधिवत बिसर्जन गरिसकेको हुनाले जनयुद्धकालको धङधडी सबै मेटाएर चारतारे दलको रुखमा मतदान धस्काउन आफ्ना रैतीहरूलाई सरकारको प्रम र दलको सुप्रिमोको संयुक्त हैसियतबाट कडा आदेश जारी गरे । अब आफ्नो दल र डेउडापतिको दलमा कुनै वैचारिक, राजनीतिक र एजेण्डागत भिन्नता नभएको हुनाले आफ्नो कम्युनिस्ट नामको दल र चारतारे दल एकै भएको भाषण थर्काए । हिजो आफ्नो टाउको काटन आदेश गर्नेले नै अहिले आफूलाई त्यहि पदमा पुऱ्याएर अरूको टाउको काट्न आदेश गर्ने हैसियतमा बिराजमान गराएको हुनाले आफू र कामरेड डेउडापति एउटै भएको भनाई राखे । सो अवसरमा उनले डेउडापतिलाई कामरेडको उपाधि पनि प्रदान गरे ।

एक्काइसौं शताब्दीमा उन्नाइसौं शताब्दीको मार्क्सवाद काम नलाग्ने भएकाले आफूले उहिल्यै प्युठानी वैद्यलाई त्यागेर गोरखाली डाक्टरलाई समाएको खुलासा पनि त्यो सभामा व्यक्त गरे । डाक्टरको प्रचलन व्यापक रूपमा नभएका बेला वैद्य नै काम लाग्ने भएकाले पहिला आफूले वैद्यलाई गुरु मानेको र पछि डाक्टर नै प्रभाकारी भएर उदाएपछि वैद्यलाई छोडेको बताए । पछिल्लो चरणमा गुरु मानेका डाक्टर पनि कम्युनिस्ट विचार त्यागेर जाति र क्षेत्रबादी दलसँग मिल्न गएकाले आफूले पनि चारतारेसँग मिल्नु सोह्रै आना मुनासिव भएको ठहर गर्दै चारतारेसँग मिल्न गएको दलिल पेस गरे । चारतारेका जन्मदाता सान्दाजुले पनि मार्क्सवादलाई मान्ने भएकाले चारतारेमा पनि मार्क्सवादको गन्ध रहेकाले आफ्नो दल र चारतारे दलमा कुनै भिन्नता नभएको तर्क पेस गरे । अब उप्रान्त चारतारेसँग बैरभाव नराखेर एकाकार भएर चुनावमा होमिन आफ्ना रैतिहरूलाई निर्देशन गरे । दुबै दलका रैतीहरूले तररर तालिको गडगडाहटबाट स्वागत गरे ।

यसैबीच चितवनको महानगरमा आफ्नी छोरी मेयरमा उठेकाले पनि काठमाण्डौ र पोखरामा चारतारेलाई छोड्नुपरेको भनाई राख्दै अरूले चितवनकी मेयर उमेद्वारलाई आफ्नी छोरी मात्र भनिदिएकोमा गहिरो दुःख मनाउ गरे । आफ्नी छोरी भएकै कारण चितवन महानगरमा मेयरको टिकेट नेदिएको बरू आफ्ना भाइ र सूर्य नाम गरेका सुवेदीका बीचमा जीवन मरणको लडाइँ परेको हुनाले उनीहरूलाई बचाउनकै लागि आफ्नी छोरीलाई चिट्ठा परेको खुलासा गर्दै त्यसैअनुसार बुझेर मतदान गर्न सबैसँग आग्रह गरे । जीवनको उत्तरार्द्धमा गिरिजा बाबुले पनि विदेश पलायन भएकी छोरी सुजाता जोस्टलाई देशमा भित्र्याएर सुजाता कोइराला बनाएर राजनीतिमा होमेर उपप्रधान मन्त्रीसम्म बनाएको स्मरण गर्दै आफूले पनि चण्डीगढमा गृहिणी बनेर गएकी पाठकलाई दाहाल बनाएर राजनीतिमा सक्रिए बनाएको घटना सुनाए । गिरिजा बाबुले आफूलाई मर्नेवेला शान्तिकालको उत्तराधिकारी घोषणा गरेर गएको हुनाले उनको शिश्य हुनुको नाताले उनको बिँडो थाम्न पनि त्यसरी छोरीलाई अगाडि सार्न काठमाण्डौ, ललितपुर र पोखराबाटा आफ्ना कार्यकर्तालाई बलि चढाउनु परेकोमा आफू भित्रभित्रै गदगद भएपनि बाहिर निकै दुखित हुनु परेको गुनासो व्यक्त गरे ।

अन्त्यमा पुराना गुरु कामरेड वैद्यलाई स्मरण गर्दै अन्जु पन्तको गीत गाए -

*वैद्यले पराई ठाने पछि, पराई हुन के भयो र ?*
*उनको मेरो बिचको नाता भन्नु पनि के रह्यो र ?*
*आखिर पार्टी फुट्नु रैछ*
*यो मन चारतारेसँग मिल्नु रैछ ।*

३१ बैशाख २०७४

kailubraha73@gmail.com

# चुनावको 'क्रान्तिकारी उपयोग'को नीतिमा हामी सफल भएका छौं



## सीपी गजुरेल, अध्यक्ष, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल

**तपाईंहरुले निर्वाचनको क्रान्तिकारी उपायोगको नीति लिनु भयो । तर जनताले मात्रै होइन पार्टीपंक्तिले पनि यसको अर्थ र स्पिरिट बुझ्न नसके जस्तो देखिन्छ नि ?**

-पार्टीपंक्तिभित्र त मूलरुपमा बुझाइ र स्प्रिटमा समानता देखिएको छ । जनतामा भने यसको स्पिरिटलाई आवश्यक मात्रामा बुझाउन सकिएको छैन । यसको व्याख्या विश्लेषण निरन्तर गरिरहनु पर्दछ । यहाँ केही कुरा स्पष्ट पार्न जरुरी छ ।

पहिलो, हामी निर्वाचनमा सहभागी हुँदै गर्दा एकाथरि मानिसहरुले संविधानलाई स्वीकार गरेको अर्थ लगाउँछन् । यो सरासर गलत हो । हामी यो पश्चगामी संविधानलाई स्वीकार गरेर निर्वाचनमा सहभागी भएको होइन । यो प्रतिक्रियावादी व्यवस्था र संविधानको भण्डाफोर गर्नका लागि हो । दोस्रो, यो संविधानलाई खारेज गर्नका निम्ति र यो प्रतिक्रियावादी व्यवस्थाका विरुद्ध क्रान्तिकारी आन्दोलनको तयारीका निम्ति स्थानीय तहको निर्वाचनको उपयोग गर्न आवश्यक छ भन्ने हाम्रो ठहर हो ।

तेस्रो, स्थानीय निर्वाचन स्थानीय विकास निर्माण र जनताको दैनिक जीवनसँग जोडिएको हुन्छ । त्यसमाथि २० बर्षदेखि स्थानीय चुनाव नहुनु नै जनताले भोग्नु परेका सबै दुःखका कारण हुन् भन्ने जस्ता भ्रम परेको र पारिएको छ । त्यसैगरी, अहिले निर्वाचन प्रभावकारी बहिस्कार हुने पनि देखिन्न । किनकि, स्थानीय तहको निर्वाचनमा धेरै उम्मेदवारहरु हुन्छन् । हरेक ४/५ घरमा उम्मेदवार बनेका हुन्छन् ।

चौथो, अहिले क्रान्तिकारी आन्दोलन उभारमा छैन, उतारमा छ । उतारमा भएको बेला बहिस्कार प्रभावकारी हुँदैन, निष्क्रिय बहिस्कार त आत्मघाती नै हुन्छ ।

यी सबै कारणले गर्दा हामीले स्थानीय तहको निर्वाचनको क्रान्तिकारी उपयोगको नीति लिएका हौं । अहिलेसम्म आइपुग्दा यो नीतिमा हामी मूलतः सफल भएका छौं । धेरैभन्दा धेरै सिट जितेर सत्तामा पुग्ने भऱ्याङ बनाउनु छैन हामीलाई । उसको उद्देश्य भनेको जनताको बीचमा सहि राजनीतिको प्रचार गर्नु, प्रतिक्रियावादीहरुको भण्डाफोर गर्नु, संगठनको आधार तयार गर्नु र अर्को क्रान्तिको निम्ति जनतालाई तयार गर्नु हो । यो उद्देश्यमा हामी धेरै सफल भएका छौं ।

**यो कार्यनीति लिदा के केस्ता जटिलताहरुको सामना गर्नु पऱ्यो ?**

पहिलो, संविधानसभा-२ लाई बहिस्कार गरेको हुनाले हाम्रा अधिकांश नेता कार्यकर्ता र शुभचिन्तकहरुको मतदाता नामावलीमा नाम छैन । दोस्रो, तीन दलीय सिन्डिकेटले बुर्जुवा लोकतन्त्रले प्रतिस्पर्धा गर्न दिने अवसर पनि दिएन । उनीहरुमा बुर्जुवा लोकतन्त्रको संस्कार पनि देखिएन । आफ्नो भाग खोसिने डरले उनीहरुले दलीय चुनाव नै दिएनन् । चुनाव चिन्ह नहुँदा मतदातालाई आफूले चाहेको पार्टीका उम्मेदवारलाई मतदान गर्न निकै जटिलता उत्पन्न भएको छ । तेस्रो, निर्वाचनमा जाने निर्णय ढिलो हुँदा निर्वाचनमा जान मानसिक रुपले तयार हुनु पनि पार्टीपंक्तिलाई समय लाग्यो । यी सबै जटिलतालाई चिर्दै चुनावी मैदानमा गए । र, जनतामा दृढआत्मविश्वासका साथ पार्टी र मोर्चाका नीतिहरु प्रस्तुत गरे । जनसम्बन्ध सुदृढ तुल्याए ।

**अहिले दलीय चुनाव चिन्हबाट बञ्चित हुनु पर्दा संविधानसभाको चुनाव बहिस्कार गर्नु गलत भएछ भन्ने त लाग्दैन ?**

विल्कूल लाग्दैन । सामान्य फाइदाका हिसाबबाट हेर्दा हामीले संविधानसभामा भाग लिएको भए हामीसँग अहिले सभासद पनि हुन्थे, राष्ट्रिय स्तरमा पार्टी पनि दर्ता भएको हुन्थ्यो, यो स्थानीय निर्वाचनमा दलीय चुनाव चिन्ह पनि पाउथ्यौ । तर हामीले राजनीतिक मुद्दालाई प्रमुख बनाएर संविधानसभा बहिस्कार गरेका थियौं । त्यो चुनावमा भाग लिएको भए यसरी फरक र क्रान्तिकारी राजनीतिक धारको विकास नै हुने थिएन । र, जनताले सबै पार्टी संसदवादी, सबै पार्टी उस्तै हुन् भन्थे । अहिले हाम्रो पार्टी र मोर्चा कुन कित्तामा उभिएको छ र यसले के को वकालत गर्छ भन्ने कुरा जनतालाई बुझाइ बस्नु पर्दैन । यसले राजनीतिमा ठूलो ध्रुवीकरण ल्याइदिएको छ । यसबाट प्राप्त राजनीतिक उपलब्धिलाई हामीले महत्वपूर्ण ठानेका छौं ।

**जनतामा तपाईंहरुलाई दलीय चुनाव चिन्ह नदिनुको कारण के देख्नुहुन्छ ? जनतामै जान प्रतिबन्ध लगाउने यो प्रवृत्तिका विरुद्धको भण्डाफोर त पर्याप्त मात्रामा भएको देखिएन नि ?**

हो, यो प्रवृत्तिको जति भण्डाफोर गरिनु पर्दथ्यो, त्यति पुगेको छैन । संसदमा भएका सबै पार्टीहरुले चुनाव चिन्ह पाए । हामी र नयाँ शक्तिलगायतले नपाएको हो चुनाव चिन्ह । हामी दलीय चुनाव चिन्हको लागि गरिएको आन्दोलनलाई सशक्त बनाउने योजनामा थियौं । बाबुराम जीहरु उपेन्द्र यादवको चुनाव चिन्हमा जानु भयो । आन्दोलनमा लगभग हामी एक्लै भयौं । निरंकुशताका विरुद्ध जति आन्दोलन उठ्नुपर्थ्यो र भण्डाफोर गर्नु पर्दथ्यो, वास्तवमा त्यो पुगेको छैन । आम जनताले धेरै कुरा थाहा नै पाउन सकेनन् । अहिलेका सत्तासिनहरुले कस्तो लोकतन्त्र लागू गरिरहेका छन् भन्ने कुरा ठूलो विषय हो । अहिले उनीहरुले अभ्यास गरिरहेको लोकतन्त्र होइन, निरंकुश तन्त्र हो, लुट तन्त्र हो । उनीहरुले दलाल तथा नोकरशाही पुँजीपतिहरुको शासन लादिरहेका छन् । उनीहरु ३/४ दलले राज्यशक्तिको भागबण्डा गरेर खाने, पालैपालो सत्तामा जाने परिपाटी बसाल्न खोजेका छन् । वास्तवमा यो लोकतन्त्र नै होइन, ठगतन्त्र मात्रै हो । यसको घनिभूत रुपमा भण्डाफोर अभियान चलाउदै जानुपर्छ ।

**नेपालका मूलधारका मिडियाहरुले तपाईंहरुको आवाजलाई किन सुन्न चाहेन ? किन तिनै निरंकुशता लाद्ने पार्टीहरुको कदमलाई नै जायज ठहऱ्याउन लागि पऱ्यो ?**

यो एउटा महत्वपूर्ण प्रश्न हो । मिडियामा काम गर्ने देशभक्त, इमान्दार र प्रगतिशिल पत्रकारहरुले गम्भीर भएर सोच्ने बेला आएको छ । मिडियालाई दलाल पुँजीपति तथा नोकरशाही वर्ग र सामन्तवर्गलगायत विदेशी शक्तिहरुले प्रयोग गरिरहेका छन् । मिडिया के जायज, के नाजायज भन्नेतिर छैन । मिडिया कुन पार्टीको पक्ष लिनुपर्ने हो, कुन पार्टीको पक्ष लिनुपर्ने हो, निर्धारित भएको छ । पूर्वनिर्धारित योजनामा मूलधारका मिडियाहरु चलिरहेका छन् । मिडियाले त घटनाक्रमहरुलाई उजागर गर्नुपर्ने हो, लोकतान्त्रिक अधिकार खोसिंदा त्यसको पक्षमा वकालत गर्नुपर्ने हो । तर दुःखको कुरा केही समययता यो भूमिकाबाट अर्कै भूमिकातिर गएको छ । ०६२/०६३ सालमा खेलेको मिडियाको भूमिका उदाहारणीय र स्मरणीय थियो । तर अहिले मिडिया आफै सत्ता पक्ष भइदिएको छ । सत्तापक्ष विरोधी गतिविधिलाई मिडियाले दिनै छोड्यो । अहिलेको मूलधारको मिडिया पश्चगामी, प्रतिक्रियावादी र यथास्थितिवादी शक्तिको मुखपत्र जस्तै भएको छ । वास्तविक लोकतन्त्र, जनवाद तथा परिवर्तनकामी र क्रान्तिकारी शक्ति र यसको आवाजलाई मिडियाले पूरै वेवास्ता गरेको छ । यो दुःखद् अवस्था हो ।

**यस्तो अवस्थामा निर्वाचनमा जनताको वास्तविक जनमतको प्रतिनिधित्व हुने र त्यसको सम्मान हुने सम्भावना कस्तो देख्नुहुन्छ ?**

त्यो सम्भावना असाध्यै न्यून छ । यहाँ ठूलो आशंका छ । जस्तो एमालेकै कुरा गरौं, एमाले त मूलधारकै राजनीतिक शक्ति हो । स्थानीय तहको निर्वाचनमा सबैभन्दा बढी मत आफ्नो आउँछ भनेर भ्रम पालेर हिडेको शक्ति हो । उसलाई पनि के आशंका छ भने त्यस्तो परिणाम आए, गोलमाल पो हुने हो कि ! दलीय चुनाव चिन्ह नै नपाएका राजनीतिक पार्टीहरुको भोटको संरक्षण हुने कुरा त परको विषय भयो । यो ठगतन्त्रमा जनताको सहि प्रतिनिधित्व हुने र जनमतको कदर तथा संरक्षण हुने सम्भावना छैन । यो प्रतिक्रियावादी संसदीय व्यवस्थामा कहिल्यै जनमतको वास्तविक रक्षा र प्रतिनिधित्व हुँदैन ।

लोकतान्त्रिक अभ्यास प्रतिकूलका गतिविधि अहिले निर्वाचन आयोगले नै गरिरहेको छ । निर्वाचन आयोगले सत्ताधारीहरुको पक्षमा काम गर्दै गएको छ भनेर एमाले लगायतले विरोध गरे पनि सुनुवाइ नै गरेको छैन ।

**दुई चरणमा चुनाव गराउनुलाई चाहिं कसरी हेर्नु भएको छ ?**

नेपालमा दुई चरणमा चुनाव गराउनु पर्ने कुनै कारण नै थिएन । यसको पछाडि कुनै न कुनै किसिमको षड्यन्त्र छ ।

**के यो चुनावमा भारतीय भूमिका लुकेको छ भन्न खोज्नु भएको हो ?**

अवश्य, भारतले हरियो झण्डा नदेखाइदिएको भए नेपालमा चुनाव नै हुने थिएन । प्रचण्ड नेतृत्वको सरकार त कठ्पुतली हो नि । यो सरकारले जे गर्छ, त्यो सबै भारतको इशारामा गर्छ भन्ने कुरा बुझ्नु पर्दछ । संविधान संशोधन र सरकार अदलबदल पनि उसैको इशारा र निर्देशनमा हुँदैछ ।

**पछिल्लो समयमा न्यायपालिका र कार्यपालिका/व्यवस्थापिका बीचको द्वन्द्वलाई चाहि कसरी लिनु भएको छ ?**

न्यायपालिका र व्यवस्थापिका संसद तथा कार्यपालिकाबीचमा भएको द्वन्द्व राज्यको निरंशुतातिरको यात्रा हो । द्वन्द्वको मुख्य कारण आइजीपी नियुक्ति छ । देउवाले बनाउन खोजेको व्यक्ति आइजीपी नबनेपछि प्रतिशोध साध्न प्रधानन्यायाधिशमाथि महाभियोग लगाइएको छ । अदालतले सरकारका विरुद्ध कुनै पनि फैसला गर्न नसकोस् भनेर अदालतलाई समेत आतंकित पार्न यो महाभियोग प्रस्ताव ल्याइएको हो । यसमा विदेशीको पनि हात हुन सक्छ । तर चौतर्फी विरोध भएपछि उनीहरुको यो प्रयास असफल बनेको छ ।

**तर एमाले, राप्रपाहरुले अदालतमार्फत् राजतन्त्र ल्याउने डिजाइनन्तर्गत महाभियोगको विरोध गरेको आरोप लगाएका छन् नि ।**

यो आफ्नो निरंकुशतालाई ढाकछोप गर्न गरिएको दुस्प्रचार मात्र हो । अहिले उनीहरुले चाहेर राजतन्त्र फर्किने स्थिति नै छैन । राजतन्त्रको भूमिका त उनीहरु आफैले खेल्न थालेका छन् । तसर्थ, जनतालाई बेवकुफ बनाउन गरिएको तर्क हो यो ।

**चुनावको विषयमा भएको पछिल्लो ध्रुवीकरण र चुनावी तालमेललाई चाहिं के भन्नुहुन्छ ?**

अपवित्र खालका चुनावी तालमेलहरु भएका छन् । यो भनेको राजनीतिक अनैतिकता हो । प्रचण्ड भनेकै पदका निम्ति जस्तोसुकै सम्झौता पनि गर्ने मान्छे हो । उनीसित विचार, सिद्धान्त, नैतिकता, मूल्य, मान्यता, आदर्श केही बाँकी छैन । कांग्रेस-माके, एमाले-राप्रपाबीचको चुनावी तालमेलको क्रममा देखिएको पवृत्ति भनेको घोर राजनीतिक अनैतिकता, पतन र असफलताको अभिव्यक्ति हो ।

**भनेपछि तपाईंहरुले माकेलाई पनि प्रतिक्रियावादी कित्तामा राख्नुभएको छ ?**

माकेले आफ्नो वर्गधरातल छोडेर प्रतिक्रियावादी कित्तामा गइसकेको छ । उसको सोच, विचार, व्यवहार, चिन्तन प्रवृत्ति सबैको बुर्जुवाकरण भएको छ । वर्गीय र राष्ट्रिय आत्मसमर्पणवादको प्रतिनिधित्व उसैले गरेको छ । अहिले माके नै क्रान्तिकारी धारका विरुद्ध सबैभन्दा अगाडि देखिएको छ ।

हो, यो प्रवृत्तिको जति भण्डाफोर गरिनु पर्दथ्यो, त्यति पुगेको छैन । संसदमा भएका सबै पार्टीहरूले चुनाव चिन्ह पाए । हामी र नयाँ शक्तिलगायतले नपाएको हो चुनाव चिन्ह । हामी दलीय चुनाव चिन्हको लागि गरिएको आन्दोलनलाई सशक्त बनाउने योजनामा थियौं । बाबुराम जीहरू उपेन्द्र यादवको चुनाव चिन्हमा जानु भयो । आन्दोलनमा लगभग हामी एक्लै भयौं । निरंकुशताका विरुद्ध जति आन्दोलन उठ्नुपर्थ्यो र भण्डाफोर गर्नु पर्दथ्यो, वास्तवमा त्यो पुगेको छैन । आम जनताले धेरै कुरा थाहा नै पाउन सकेनन् । अहिलेका सत्तासिनहरूले कस्तो लोकतन्त्र लागू गरिरहेका छन् भन्ने कुरा ठूलो विषय हो ।

पहिलो, संविधानसभा-२ लाई बहिस्कार गरेको हुनाले हाम्रा अधिकांश नेता कार्यकर्ता र शुभचिन्तकहरूको मतदाता नामावलीमा नाम छैन । दोस्रो, तीन दलीय सिन्डिकेटले बुर्जुवा लोकतन्त्रले प्रतिस्पर्धा गर्न दिने अवसर पनि दिएन । उनीहरूमा बुर्जुवा लोकतन्त्रको संस्कार पनि देखिएन । आफ्नो भाग खोसिने डरले उनीहरूले दलीय चुनाव नै दिएनन् । चुनाव चिन्ह नहुँदा मतदातालाई आफूले चाहेको पार्टीका उम्मेदवारलाई मतदान गर्न निकै जटिलता उत्पन्न भएको छ । तेस्रो, निर्वाचनमा जाने निर्णय ढिलो हुँदा निर्वाचनमा जान मानसिक रूपले तयार हुनु पनि पार्टीपंक्तिलाई समय लाग्यो । यी सबै जटिलतालाई चिर्दै चुनावी मैदानमा गए ।

# प्रतिक्रियावाद र अवसरवादको घाँटी जोडिएको निर्वाचन

प्रतिक्रियावाद भन्नाले क्रान्ति, प्रगति, र वैज्ञानिक विचारधारा विरोधी सबै विचार र सिद्धान्तलाई प्रतिक्रियावाद भनिन्छ । नेपालको सन्दर्भमा प्रगतिशील विचारविरुद्ध कम्युनिष्ट विचारविरुद्धका शक्तिलाई प्रतिक्रियावादी भनिन्छ । अवसरवाद भन्नाले अवसर अनुसार फाइदा उठाउन जेसुकै गर्न र जोसुकैसित अपवित्र सम्वन्ध कायम गर्न तयार रहनु अवसरवाद हो । कुनै सिद्धान्त, राजनीति, वैचारिक, नीतिगत वा व्यावहारिक प्रश्नहरुमा दृढ अडान नराख्ने, विचलित हुने र आफूलाई छिनछिनमा परिवर्तन गर्दै लैजाने प्रवृतिका रुपमा अवसरवाद रहनछ । साथै व्यक्ति, समूह, संघसंस्थावा पार्टीले पहिलेकै सैद्धान्तिक र वैचारिक अडान छाडेर पनि त्यो छाडेको स्वीकार गर्न तत्पर हुन्न र आफूलाई पहिले पनि सही र पछि पनि सही नै देख्दछ भने त्यो अवसरवाद हो । नेपालमा यो प्रवृति उच्चस्तरमा रहेको कुरा लाभका लागि राजनीतिमा लागेका र सत्ताशक्तिलाई नै अन्तिम उद्धेश्य बनाई जस्तोसुकै साधन उपयोग गर्न पछि नपर्ने कार्यले देखाएको छ। चाकडी, नातावाद, चुक्ली लगाउने र नेतृत्व वोरिपरि बसी उनीहरुको गुणगान गाउने कार्य यहि अवसरवादको स्वरुप हो । नैतिकता र सिद्धान्तलाई यसले त्यागेका पाइन्छ । माथि उल्ले्खित विशेषता र चरित्र भएका नेपालका र अन्तराष्ट्रिय स्तरका सबै खाले प्रतिक्रियावाद र अवसरवादहरुको मिलन स्थल अहिले यो स्थानीय निर्बाचन बनेको छ ।

नेपालको वर्तमान अवस्थाको संसदीय व्यवस्थाको मेरुदण्ड-नेपालको संविधान २०७२ लाई कार्यान्वयन गर्ने उद्धेश्यका साथ नेकपा( माओवादी केन्द्र)का अध्यक्ष प्रचण्डको नेतृत्वमा दिल्लीको पनि आशिरवादप्राप्त नेपाली कांग्रेसको खासगरी शेरबहादुर देउवाको सरकारले यहि २०७४ बैशाख ३१ गते पहिलो चरणका लागि स्थानीय निर्बाचन गर्दै छ। यो निर्वाचनले नेपालको राजनीतिक इतिहासमा अत्यन्तै महत्व राख्दछ किनभने नेपाली जनताले करीब २० वर्षपछि स्थानीय स्तरमा आ-आफ्ना प्रतिनिधि निर्वाचित गर्ने एउटा अवसर पाएका छन् । यसरी यस्तो आवधिक निर्वाचनद्धारा नेपालको सिंहदरबारमा रहेको विकास तथा अन्य सामाजिक, आर्थिक तथा राजनीतिक अधिकारलाई आ-आफ्नो गाउँ टोलमै संवैधानिक रुपले नै स्थापित गर्न पाउनु अत्यन्तै सुनौलो अवसर हो । फेरी यो स्थानीय निर्वाचनद्धारा गरिने प्रतिनिधि छनोट नेपालका विगतमा निर्वाचित गरिएका स्थानीय संस्था(गाविस र नपा)भन्दा कैयौ गुणा अधिकार सम्पन्न र स्वतन्त्र छन् । फेरी यसको महत्व यस अर्थमा पनि छ कि यसले नेपालभित्रको लामो सक्रमणकालको अन्त्य गरी देशमा एउटा दृघकालिन स्थायित्वको परिकल्पना पनि गरेको छ ।

यसरी रुपमा यो निर्वाचनको माथि उल्लेखित अनेकौ सकारात्मक पक्षहरु हुँदाहुँदै पनि सारमा यसको मूल आधार भनेको यो संसदीय प्रजातन्त्रलाई सुदृढ गर्न ल्याइएको नेपालको संविधान २०७२ अन्तर्गतको निर्वाचन हो । अहिले उम्मेदवारी दिने क्रममा नै संसदीय प्रजातन्त्रअन्तर्गतको निर्वाचन कस्तो हुँदोरहेछ भन्ने नेपालका २०, २२ वर्ष उमेरका लाखौ युवाहरुलाई अहिलेको स्थानीय निर्वाचनले स्पष्टै देखाइदिएको छ । जनयुद्धको नेतृत्व गरेर स्वयम् त्यसैबाट त्रसित प्रचण्ड र बाबुरामहरु र जनयुद्धका कैयौ उपलब्धिहरुलाई मूल्यहीन प्रमाणित गर्न न्वारनदेखिको बल लगाइरहेका एमाले अध्यक्ष केपी ओली मात्रै नभई जनयुद्धलाई दवाउन जनयुद्ध सञ्चालन गरेका माओवादीका नेता तथा कार्यकर्ताहरुको टाउकोको मूल्य तोक्ने वर्तमान सरकारका हस्ति शेरबहादुर देउवाहरु र तत्कालिन राजतन्त्रको वर्तमानमा दलीय प्रतिनिधित्व गर्न अगाडि आएको राप्रपाआदि बीचको चुनावी तालमेल देख्दा त नेपालको राजनीतिमा यति छोटो समयमा नै यो संसदीय व्यवस्थाले राजनीतिक दलहरुको आ-आफ्नो हैसियत ...'सिद्धान्त'भन्दा सरकार र सत्ता माथि भन्ने कुराको वास्तविकता प्रमाणित गरेको छ। हुनत 'सिद्धान्त'भन्दा सरकार र सत्ता माथि भन्ने कुराको वास्तविकता त विगतमा सरकार बनाउँदा र भत्काउँदा गरिएका गठबन्धनहरुले नै देखाएका थिए । तर यो चुनावले त यसलाई अझ छर्लङ्ग पारिदिएको छ । जनयुद्धको नेतृत्व गरेर स्वयम् त्यसैबाट त्रसित प्रचण्ड र उनको दल- नेकपा (माओवादी केन्द्र)का लागि हर हत्कण्डा प्रयोग गरेर चुनावले



हुकुमबहादुर सिंह

**नेपालको राजनीतिमा यो निर्वाचनले नेपालको विभिन्न आन्दोलनमा सहिद भएकाहरूका लक्ष्य र उद्देश्य विरूद्ध नेपालको दशवर्षे जनयुद्ध र जनआन्दोलनहरूमा सहिद हुनबाट बचेका टाठा बाठाहरूले अहिले आएर देश र दुनियाँलाई अचम्मै पार्ने गरी आ–आफ्ना मन मिलाएका छन् । जनयुद्धको दौरानमा टाउकाको मूल्य तोक्ने र टाउको लुकाउन सफल भएकाहरूको मन मिलेको छ ।**

तहसनहस पार्न थालेको उनको हैसियत जसरी पनि बचाउनु छ। यस निम्ति नेकपा (माओवादी केन्द्र)ले नेपाली कांग्रेससित चुनावी तालमेल मात्रै गरेको छैन्, एमाले र राप्रपासित पनि विभिन्न स्थानमा चुनावी तालमेल गरेर भावी सरकार र सत्ताको रसस्वादन गरिरहन चाहन्छ। केही ठाउँमा त कांग्रेस, एमाले र माओवादी तिनै पार्टी मिलि निर्विरोध निर्वाचनको घोषणा गरि एकताको विजय जुलुससमेत निकालेको पनि देखिएको छ । भने कुनै जिल्लामा त वाम तालमेलको नाउँमा एमालेको चुनाव चिन्हमा आफ्ना कार्यकर्ताका लागि भोट माग्दै हिंडने राजमोको नगरपालिका उमेदवार पनि भेट्टाइयो । सिद्धान्तका मामलामा कसैसित सम्झौता नगर्ने उद्घोष गरेर जिन्दगी विताएका र 'जबज'का कट्टर आलोचक मोहविक्रम सिंह स्वयम् पनि 'सिद्धान्त'भन्दा सरकार र सत्ता माथि भन्ने कुराको वास्तविकता प्रमाणित गरेर देखाइदिन बाध्य भएका छन् । त्यसैले एमालेको सूर्य चिन्ह बोकेर वामतालमेल भन्दै आफ्ना कार्यकर्तालाई भोट माग्दै छन् ।

यसरी नेपालको राजनीतिमा यो निर्वाचनले नेपालको विभिन्न आन्दोलनमा सहिद भएकाहरुका लक्ष्य र उद्देश्य विरुद्ध नेपालको दशवर्षे जनयुद्ध र जनआन्दोलनहरुमा सहिद हुनबाट बचेका टाठा बाठाहरुले अहिले आएर देश र दुनियाँलाई अचम्मै पार्ने गरी आ-आफ्ना मन मिलाएका छन् । जनयुद्धको दौरानमा टाउकाको मूल्य तोक्ने र टाउको लुकाउन सफल भएकाहरुको मन मिलेको छ । जबज गीता पाठ गर्ने र नागार्जुनको चाकरी गर्नेहरुको मन मिलेको छ। नेपालको संयुक्त जनआन्दोलमा कांग्रेस र वाम तालमेलभन्दा पुष्पलाललाई गद्दार देख्ने र सिद्धान्तभन्दा अलग केही छैन् र जबजका कट्टर आलोचकले त मन मात्रै मिलाएनन्, उसैको चुनाव चिन्हमा भोट माग्दै सरकार र सत्ता माथि आफ्नो उपस्थिति देखाउन ठिक ठानेका छन् । उठेपछि जे जसरी पनि चुनाव जित्नै पर्ने सपना देखेका तत्‌तत्‌दलका उमेदवारहरु त झन अङकमाल नै गर्दै छन् । तर ती पार्टीका स्थानीय कार्यकर्ताको मन अझै मिल्न सकेको देखिएको भने छैन् । यद्यपि उनीहरुमाथि पार्टीको अनुशासनको डण्डा बर्सिन थालेका छन् । गाइलाई भोटहाल्न ओलीको डण्डा, रुखमा भोट हाल्न प्रचण्डरुपी आदेश, जबजको चुनावचिन्ह सूर्य चिन्हमा आफ्नो पार्टीका कार्यकर्ताका लागि भोट माग्नेआदि सबैको आखिर बात त कूर्सी नै रहे छ भन्ने स्पष्ट भएको छ। रुखले हसियाँ हथौडालाई भोट माग्ने, हसियाँ हथौडाले रुखलाई । सूर्यले गाईलाई र गाइले सूर्यलाई । सूर्यले गिलासलाई आफ्नै सूर्य चिन्ह दिएर समर्थन । यी सब नौटङ्की आखिर के का लागि ? नेपालको संविधान २०७२ लाई कार्यान्वयन गर्ने उद्धेश्य प्राप्तीका लागि जो क्रान्तिकारीहरुका लागि नेपालको वर्तमान अवस्थाको संसदीय व्यवस्थाको एउटा मेरुदण्ड हो ।

के यी सबै संयोगको कुरा मात्रै हुन त ? माओवादी र मसालभित्रका केही नेताहरु जसमा अझै क्रान्तिप्रतिको मोह छ, उनीहरु प्रचण्ड र मोहनविक्रमलाई खुशी बनाइराख्न आफ्ना कार्यकर्तालाई यहि भन्ने गर्दछन् । तर द्धन्द्धात्मक भौतिकवादी दृष्टिकोणमा यो कुनै संयोगवस भए गरिएको नभई वर्तमान विश्व साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगमा प्रतिक्रियावाद र अवसरवादका बीचमा हुने 'ण्सुमधुर' सम्वन्धको एक अति आवश्यक कडी हो । र नेपालमा अहिले हुन गइरहेको यो नीर्वाचनमा भएको प्रतिक्रियावाद र अवसरवादका बीचको "सुमधुर" सम्वन्ध हो । नीर्वाचनमा भएको प्रतिक्रियावाद र अवसरवादका बीचको 'सुमधुर' सम्बन्धबाट बा'की क्रान्तिकारीले के शिक्षा लिनु आवश्यक छ भने क्रान्तिको सफलताका निम्ति वर्गदुश्मनका विरुद्ध मात्रै होइन्, त्योसित घा'टी जोड्ने अवसरवादका विरुद्ध पनि भीषण लडा'ई लडनु पर्दछ । क्रान्तिलाई धोका दिएर चुनावीबाटोबाट सत्तामा पुग्ने आशामा रहेका प्रचण्ड, मोहनविक्रम र बाबुरामहरुका लागि यो चुनावले गतिलो झापड दिने स्पष्ट छ । क्रान्तिकारीहरु त स्पष्ट छन् कि जनताको भलो संसदीय व्यवस्था र यस अन्तर्गत गरिने कुनै पनि चुनावबाट हुन सक्दैन् । क्रान्तिकारीका लागि त्यस्ता चुनावको उपयोग वा बहिष्कार दुवै क्रान्तिको हितमा गरिन्छन् नकि अवसरवादी र प्रतिक्रियावादीहरुले भने जस्तै चुनाव नै सबथोक हो, जित नै सबथोक हो भन्ने रणनीतिलाई अवलम्वन गरेर । के चाही स्पष्ट हो भने यो नीर्वाचनले नेपालभित्र र बाहिरका सबै प्रतिक्रियावादीहरु र अवसरवादीहरुको घांटी जोडिदिएको छ । क्रान्तिकारीहरु र अवसरवादीहरुबीचको राजनीतिक ध्रुवीकरणलाई तेज पारेको छ ।

*hukumsingh2012@yahoo.com*

# संशोधनवादीहरूको घोर जनविरोधी जायजा

समय-सन्दर्भ ❑ पुष्पगोपाल श्रेष्ठ



**चुनावलाई क्रान्तिकारी उपयोग गर्न चुनावी मैदानमा उत्रेका तमाम नेता तथा कार्यकर्ताहरूले अत्यन्तै महत्वका साथ हेक्का राख्नैपर्ने कुरो भनेको कतै हामी पार्टीको लक्ष्य र उद्देश्य विपरीत पार्टीको लक्ष्य र उद्देश्यलाई ढालको रूपमा प्रयोग गर्दै चुनाव जित्न एकपाखे त हुन पुगेका छैनौं ? यसो गर्नु गलत कुरो हो ।**

सर्वहारा वर्गका महान नेता भ्ला.इ.लेनिन भन्ने गर्नु हुन्थ्यो- ' क्रान्तिकारीहरु हरबखत समय र परिस्थितिलाई आफू अनुकूल बनाउँदै अगाडि बढ्ने गर्दछ, कहिल्यै पनि समय र परिस्थितिभित्र खुम्चेर समयको प्रतिक्षामा हाइ काटेर बस्दैन ।' तर, यसको ठीक उल्टो संशोधनवादीहरु प्रत्यक नयाँ परिस्थितिअनुसार आफ्नो आचरण निर्धारण गर्न, वर्तमान घटनाहरु, साना-तिना राजनैतिक तिकडमहरु अनुसार आफूलाई ढाल्नु, सर्वहारावर्गको मूल हित र सम्पूर्ण पुंजीवादी व्यवस्थाका आधारभूत लक्षणहरु, सम्पूर्ण पुंजीवादी विकासबारे बिर्सिदिनु, वास्तविक अथवा अनुमानित क्षणिक लाभको लागि यी मूलभूत हितहरुको बलिदान गर्नु यही हो- संशोधनवादी नीति । वास्तवमा यिनीहरुको नीतिको आधार भन्नु नै यस्तो छ कि यसले असंख्य विविध रुप लिन सक्छ र जब पनि साना-तिना नयाँ सवालहरु आइपर्ने छन्, जब पनि घटनाक्रममा सानो ठूलो अप्रत्याशित अथवा यस्तो प्रश्न आउने छ जसको अगाडि नै अन्दाज लगाइएको थिएन, चाहे त्यो घटना अत्यन्त थोरै अवधिको लागि नै किन नघटोस्, तब सधैं अनिवार्यतः संसशोधनवादको एक नयाँरुपले जन्म लिने गर्छ ।

कम्युनिष्टको बाक्लो खोल ओढेका दक्षिणपन्थी नवसंशोधनवादीहरुको नजरमा हामी रत्तिभर पनि क्रान्तिकारी सर्वहारा होइन र हाम्रो पार्टी क्रान्तिकारी पार्टी होइन । उनीहरु हामीलाई सारसंग्रहवादी, उग्रवादी पार्टी भन्छन् । उनीहरु भन्छन्- हामी एकपाखे भएर मुलुकमा सर्वहारा अधिनायकवाद नाउँको 'सैनिक ब्युरोक्र्याटिक अधिनायकवाद लाद्न चाहन्छन् । उनीहरुले यसरी सोच्नु र भन्नु पनि एक प्रकारले ठीकै हो किनभने सर्वहारावर्ग उनीहरुको निमित्त ज्यानी-दुश्मन न ठहरियो, सर्वहारावर्गले यस्ता कुतत्वहरुको सैद्धान्तिक एवम् राजनैतिक रुपले मिटियामेट पारी पठाउन कुनै किसिमको कमि-कम्जोरि गर्दैन । त्यसैले उनीहरु सर्वहारा अधिनायकवादलाई 'सैनिक ब्युरोक्र्याटिक अधिनायकवाद' भनि जनतामा भ्रम फिजाउँदै खेदो-खन्दै हिंड्छन् ।

राष्ट्रिय मुक्ति, जनवादी तथा समाजवादी आन्दोलनको गला रेट्ने काम हरहमेसा क्रियाशील रहि आइरहेका सर्वहारा वर्गका ज्यानी दुश्मन साम्राज्यवाद अहिले गम्भीर आर्थिक, राजनीतिक तथा संस्कृतिक संकटमा उक्कनै नसक्ने गरी बहुध्रुवीय अन्तर्विरोधमा जेलिंदै गइरहेका छन् । अर्कोतिर नयाँ अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको दिशामा विभिन्न रुपले आवश्यक पहलमा जुट्दै, राष्ट्रिय मुक्ति, जनवादी तथा समाजवादी आन्दोलन पनि विभिन्न मुलुकहरुमा आ-आफ्नो गतिमा विकसित हुँदै गइरहेका छन् । र पनि विद्यमान आजको यो विश्व राजनीतिक यथार्थतालाई ठाडै नकार्न सकिने स्थिति छैन । विश्वमा नवउपनिवेशवाद तथा नवउदारवादका साथमा भूमण्डलीकृत साम्राज्यवादको हैकम तथा उत्पीडन त प्रभावी रहेकै छ र अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन पनि कमजोर अवस्थामै छ । खासमा भन्नुपर्दा आज विश्व र नेपाली कम्युनिष्ट आन्दोलनका लागि दक्षिणपन्थी संशोधनवाद एक प्रमुख खतरा रहिआएको छ । यसो भन्नुको अर्थ यो स्थायी होइन, अस्थायी र क्षणिक मात्र हो ।

यो एकदम स्वभाविक कुरा हो कि जनवादी मजदूर पार्टीहरु (क्रान्तिकारी पार्टीहरु)भित्र निम्न पुँजीवादी विश्व दृष्टिकोण बारम्बार देखा पर्न थाल्छ। यो एकदम सोभाविक कुरा हो कि सर्वहारा क्रान्ति सफल नहुन्जेल सदैव यस्तो परिस्थिति कायम रहने छ र यस्तो सोच्नु ठूलो गल्ति ठहरिने छ कि सर्वहारा क्रान्ति सफल बनाउन को लागि जनसंख्याको अधिकांश भाग 'पूर्ण रुपले' सर्वहारा वर्गको साचोमा ढालिएको हुन पर्छ । यस कुराको पुष्टि त नेपालका क्रान्तिकारी कम्युनिष्ट अर्थात् नेकपा (माओवादी)ले ऐतिहासिक महान दस वर्षीय सशस्त्र जनयुद्धद्वारा क्रान्तिकारी कीर्त्तिमान कायम गरिसकेका कुरा हुन् । यद्यपि क्रान्तिकारी छलाङ्ग सफलताको शिखर चुम्दाचुम्दै प्रमुख नेतृत्वको गद्दारीले गर्दा पछिल्लातिर धकेलिएको वर्तमान हो यो ।

क्रान्तिकारीहरु सिद्धान्तलाई आफ्नो सोच अनुरुप व्याख्या र विश्लेषण मात्र गरेर बस्दैन । बरु आफ्नो सोचलाई सिद्धान्तमा रुपान्तरित गरी व्यवहारतः क्रान्तिकारी कार्यक्षेत्रमा जुझारु ढङ्गले उत्रेर देश र जनताको आवश्यकता र चाहना परिपुर्ति गर्दै निरन्तर लम्केर शोषित पीडित आम जनसमुदायको मुटुको ढुकढुकी बनि आफ्नो चिनारी कायम गर्नु क्रान्तिकारीहरुको सहि पहिचान हो ।

साम्राज्यवादी र विस्तारवादका तावेदारी ती दलाल पुँजीपति, नोकरशाह र सामन्तवर्गहरुको कुकृत्य- देशलाई नङ्ग्याई जनतालाई थाङ्नामा सुताउने जस्तो क्रियाकलापको भण्डाफोर गर्दै त्यस्ता देशद्रोहीहरुको कब्जामा रहिआएको प्रतिक्रियावादी राज्यसत्ता र त्यो उत्कृष्ट भनिएको पश्चगामी संविधानलाई खारेज गरी नयाँ जनगणतान्त्रिक संविधान निर्माण गर्नुको सँगै स्वतन्त्र सार्वभौम सत्ता भूअखण्ड राष्ट्रमाथि अनाधिकार दखलबाजी र हस्तक्षेपकारी साम्राज्यवाद र विस्तारवादीहरुको कुकृत्यलाई पुरै माटियामेट गरी पठाउनु क्रान्तिकारीहरुको नैतिक दायित्व नै हो ।

देशको स्थिति, जनताको नयाँ जनवादी व्यवस्था स्थापनाका लागि गरिएको दसवर्षे जनयुद्धको नेतृत्व गरेर आएका प्रचण्डले आज निरंकुश तानाशाहको छवि मात्रै बनाएका छैनन्, जनघाट र राष्ट्रघाटमा पनि उनले विगतका शासकहरुलाई उछिन्न पुगेका छन् । उनका हनुमान र भजनमण्डली अवसरवादी झुण्डहरुले जतिसुकै उनी नेतृत्वको सरकारका एकाध राम्रा कामको प्रचार गरेपनि 'गधालाई दुधले धुँदैमा गाई नभए जस्तै प्रचण्ड र माओवादी केन्द्र् जनताको परिवर्तनबाहक शक्ति हुनै नसक्ने घटनाक्रमले पुष्टि गरिसकेको छ भने अर्कोतिर संसदीय भाषामा डुबुल्की मार्न पुगेका यी नै निकम्मा परजीवि वर्तमान सरकारले निम्त्याएको यो विकराल स्थिति अर्थात् देशका बहुसंख्यक जनता अशिक्षा, बेरोजगार, महँगी, अभाव र अराजकताबाट मुक्त हुन चाहन्छन् । तर उनीहरुमा राष्ट्रिय चेतना र राजनीतिक चेतना अत्यन्तै कमजोर अवस्था छ । जसको कारण उनीहरु असंगठित अवस्थामा छरिएर बसेका छन् । उनीहरुमा राष्ट्र र राजनीतिक चेतना जगाई सुसंगठित तुल्याउन नेकपा( क्रान्तिकारी माओवादी)ले संगठन विस्तार, सुदृढीकरण र जनपरिचालनका तीन महिने कार्यक्रम संचालन गर्दै आइरहेको स्थितिमा स्थानीय चुनावी घोषणा हुन आउनुलाई समेत सचेत ढङ्गले क्रान्तिको तयारी निम्ति स्थानीय चुनावलाई क्रान्तिकारी उपयोग गर्ने नीतिका साथ देशभक्त जनगणतान्त्रिक मोर्चा मैदानमा उत्रदै गरेको स्थिति हो यो ।

चुनावलाई क्रान्तिकारी उपयोग गर्न चुनावी मैदानमा उत्रेका तमाम नेता तथा कार्यकर्ताहरुले अत्यन्तै महत्वका साथ हेक्का राख्नैपर्ने कुरो भनेको कतै हामी पार्टीको लक्ष्य र उद्देश्य विपरीत पार्टीको लक्ष्य र उद्देश्यलाई ढालको रुपमा प्रयोग गर्दै चुनाव जित्न एकपाखे त हुन पुगेका छैनौं ? यसो गर्नु गलत कुरो हो । क्रान्तिको तयारीमा जुट्नु पार्टीको लक्ष्य र उद्देश्य विपरीत त्यो लक्ष्य र उद्देश्यलाई ढालको रुपमा प्रयोग गरी चुनाव जित्न एकपाखे कसरतमा जुट्नुको अर्थ पार्टी, देश र जनतालाई मात्र होइन बल्कि आफूले आफूलाई समेत धोका दिनु हुन जाने कुरोप्रति सचेतता अपनाई पाइला चाल्नु पर्छ । अन्यथा त्यसरी चुनाव जितिनै हाले पनि त्यो जित जित नभई क्रान्तिकारी पार्टी र क्रान्तिकारीहरुको ठूलो हार हुने कुराप्रति सजग हुनु नितान्त जरुरी छ ।

भूतपूर्व पुरातनपन्थी मार्क्सवादी बर्नस्टिनका चेला, वर्तमान नेपाल सरकारको अगुवाई गर्दै आएका नवसंशोधनवादी प्रचण्डले, राजनीतिक क्षेत्रमा संशोधनवादीहरुले मार्क्सवादको मूल आधार अर्थात् वर्गसंघर्षको सिद्धान्तमा संशोधन गर्ने वास्तविक प्रयासलाई निरन्तरता दिने भरमगदुर कोशिसमा लागेका छन् । प्रत्येक नयाँ परिस्थिति अनुसार आफ्नो आचरण निर्धारण गर्नु, वर्तमान घटनाहरु, साना-तिना राजनैतिक तिकडमहरु अनुसार आफूलाई ढाल्नु, सर्वहारा वर्गको मूलहित र सम्पूर्ण पुँजीवादी व्यवस्थाका आधारभूत लक्षणहरु, सम्पूर्ण पुँजीवादी विकासबारे बिर्सिदिनु, वास्तविक अथवा अनुमानित क्षणिक लाभको लागि यी मूलभूत हितहरुको वलिदान गर्नु यही हो- संशोधनवादी नीति । यसै नीति अनुसार उस्ले हामीलाई भन्दै छन् कि राजनैतिक स्वतन्त्रता, प्रजातन्त्र, सार्वजनिक मताधिकारले वर्गसङ्घर्षको औचित्यता स्वतः काट्छ र काटिसकेको छ। र मजदुरहरुको पितृभूमि वा मातृभूमि हुँदैन भन्ने 'कम्युनिष्ट धोषणापत्र'को पुरानो विचार निरर्थक भैसकेको छ। र संशोधनवादी वर्नेष्टिनको भनाई ' आन्दोलन नै सब कुरा हो, अन्तिम लक्ष्य केही पनि होइन'लाई मूल-मन्त्रका रुपमा जप्दै उनी जस्ता नवसंशोधनवादीहरु पुराना सुपरिचित उदारवादी पुँजीवादी विचारधाराको रुपमा परिणत हुन जानु कुनै नौलो कुरा होइन । उदारवादीहरुले हरहमेसा भन्दै आएका कुरा हुन् कि बुर्जुवा संसदीय प्रणालीले वर्गहरु र वर्ग विभाजनलाई निर्मूल पार्छ किनभने सम्पूर्ण नागरिकहरले बिना कुनै भेदभाव मतदान गर्ने तथा राज्य व्यवस्थामा भाग लिने अधिकार पाउँछन् भन्ने जस्ता दृष्टिकोणहरु कति मूर्खतापूर्ण छन् भन्ने कुरा उन्नाइसौं शताब्दीको उत्तरार्द्धको युरोपको सम्पूर्ण इतिहास र बीसौं शताब्दीको सुरुमा रुसी क्रान्तिको सम्पूर्ण इतिहाससँगै नेपाली क्रान्तिको एकाइसौं शताब्दीभित्र हालसम्मको इतिहासले स्पष्ट रुपमा देखाई सकेका छन् ।

'लोकतान्त्रिक' पुँजीवादको स्वतन्त्रता भन्नाले संसदीय प्रणालीले सबैभन्दा लोकतान्त्रिक संघीय गणतन्त्रमा पनि वर्गीय तथा जातीय उत्पीडनको साधनको रुपमा देखा पर्ने तिनको जन्मजात चरित्रलाई हटाउनको सट्टा झन उदांग पारिदिएको वर्तमान स्थिति छ । र पनि नवसंशोधनवादी वर्तमान मन्त्रीपरिषद्का नाइके पुष्पकमल दाहालले 'आफै बोक्सी, आफै धामी' जस्तो नौटङ्की अदा गर्नमा व्यस्त भारतीय विस्तारवादीको चाहनाअनुरुप जनविरोधी पश्चगामी संविधान कार्यान्वयन गर्न निर्लज्ज ढङ्गले पेस हुँदै स्थानीय चुनाव सम्पन्न गरी, बिनाआधार जनताको आधारभूत आवश्यकता परिपूर्ति गर्नुको सँगै देशमा विकासको मूल फुटाउने जस्ता फन्टुस कुरा गर्दै, जनतालाई दिगभ्रमित पारी सेनाको घेराबन्दीभित्र चुनाव सम्पन्न गर्न पूर्वराजा ज्ञानेन्द्रलाई पछ्याउँदै छन् । क्रान्तिकारीहरु यस स्थितिबाट भरमग्दूर फाइदा उठाउँदै जनवादी क्रान्तिको निमित्त आवश्यक (तयारी)मा क्रान्तिकारी जोस र जाँगरका साथ कम्मर कसेर लागि पर्न जरुरी छ र यो नै आजको राष्ट्रिय आवश्यकता पनि हो ।

*०७४/०१/२४*

*ताहाचल, काठमाडौं, नेपाल*

# ओबरमा नेपालको सहभागिता र चिनियाँ चासो

● **विनोद सहयात्री**

चिनियाँ राष्ट्रपति सिजिनपिङले वन बेल्ट वन रोडको अन्तर्राष्ट्रिय फोरममा किननोट स्पिच प्रस्तुत गरे । सोमबार (१४ मे, बैशाख ३१ मा) आयोजना गरिएको उक्त फोरममा २९ देशका राष्ट्र प्रमुखहरुको उपस्थिति रहेको थियो भने १३० वटा राष्ट्रको प्रतिनिधित्व रहेको थियो । फोरममा संयुक्त राष्ट्रसंघको महासचिवको पनि उपस्थिति रहेको थियो ।

विगत चार बर्षदेखि वन बेल्ट वन रोड इनिसियटिभ परियोजनालाई चीनले मूर्त खाकासहित अगाडि बढाउने अधिकतम प्रयास गरिरहेको छ । विकास र परस्पर हितमा आधारित रहेर यो परियोनालाई अगाडि बढाउन नेपाल पनि सहमत भइसकेको छ र उसले ओबिओआर सम्झौतामा हस्ताक्षर गरिसकेको छ । यसरी हस्ताक्षर गर्नेमा नेपाल ४१ औं देश बनेको छ । दक्षिण एशियाका भूटान र भारतबाहेक सबै देशले यो परियोजनामा सहभागिता जनाइसकेका छन् । चीनले भारत र भुटानलाई पनि यसमा समावेश गराउन सबैखाले प्रयास जारी राखेको छ । नेपालले पनि यस परियोजना सम्झौतामा हस्ताक्षर गरिसकेपछि भारत पनि ढिलो चाँडो यस परियोजनामा सहभागी बन्ने चिनियाँ थिंक ट्यांकहरुको विश्लेषण छ । नेपालले ओबरमा गरेको हस्ताक्षरलाई उनीहरुले विशेष महत्वका साथ प्रचार गर्नुको पछाडि यही आशय लुकेको देखिन्छ ।

ओबरमा नेपालले समर्थन जनाएकोमा चिनियाँ नेताहरूले खुसी व्यक्त गरेका छन् । ओबर सम्झौतामा नेपालले शुक्रबार विहान उपप्रधान एवं अर्थमन्त्री कृष्णबहादुर महरा र परराष्ट्रमन्त्री प्रकाशशरण महतको उपस्थितिमा परराष्ट्र सचिव शंकर दाश बैरागी र नेपालका लागि चिनियाँ राजदूत यु होङले हस्ताक्षर गरेका थिए ।

मन्त्रिपरिषद्को गत सोमबार बसेको बैठकले चीनले अघि सारेको 'वान बेल्ट वान रोड' अवधारणामा सहमति जनाउँदै हस्ताक्षर गर्ने निर्णय गरेको थियो । केही समय अघि चीन भ्रमणमा गएका प्रधानमन्त्री प्रचण्डले ओबीओआरमा हस्ताक्षर गर्ने बचन दिएका थिए । त्यसअनुसार प्रचण्ड सरकारको कार्यकालको अन्त्यतिर 'वान बेल्ट वान रोड' अवधारणामा हस्ताक्षर गर्ने निर्णय भएको हो । चिनियाँ राष्ट्रपति सी जिनपिङले सन् २०१३ मा यो अवधारणा अघि सारेका थिए । चीनले यसमा नेपालको समर्थनलाई निकै महत्वका साथ लिएको थियो । तर, यसमा दक्षिणी छिमेकी मुलुक भारतले हस्ताक्षर गरेकोले नेपालले पनि आनाकानी गरेको आशंका गर्ने चीनले गर्दै आएको थियो ।

चिनिको सियान युनिभर्सिटी अफ मेडिकल साइन्स्का नेपाली प्राध्यापक डा.राजिवकुमार झाले बेइजिङबाट प्रकाशन हुने दैनिक पत्रिका एसिया प्यासिफिक डेलीलाई दिएको अन्तरवार्तामा ओबिओआरमा नेपालले हस्ताक्षर गरेकोले नेपालको समृद्धिको ढोका अब खुलेको प्रतिक्रिया दिएका छन् ।

चिनियाँ सरकारी समाचार समिति सिन्ह्वाले ओबरमा नेपालको सहभागिताले नेपाललाई मात्र नभई सिंगो दक्षिण एसियालाई नै यसले फाइदा पुग्ने उल्लेख गरेको छ ।

त्यस्तै बेइजिङबाट प्रकाशित चिनियाँ सरकारी पत्रिका रेनमिनले आफ्नो शनिबारको संस्करणमा भनेको छ, 'चीनको यो आयोजनामा नेपालले पनि प्रवेश गरेको छ र यससँगै अब चीन नेपाल सम्बन्ध पनि नयाँ अध्यायमा प्रवेश गरेको छ । यसले नेपाललाई आगामी दिनमा आर्थिक विकासमा ठूलो सहयोग पुऱ्याउने छ ।'

नेपालमा रेलमार्ग बनाइदिने दावी

मे १४ र १५, ०१७ (बैशाख ३१, जेठ १, २०७४) मा चीनले आयोजना गरेको वान बेल्ट वान रोड सम्बन्धी अन्तर्राष्ट्रिय फोरममा भाग लिन गएको नेपालले चीनसँग केरुङ-काठमाडौं रेलमार्ग चीनले नै बनाइदिने गरी छलफल अगाडि बढाएको समाचार स्रोतले दावी गरेको छ । उपप्रधान तथा अर्थमन्त्री कृष्णबहादुर महरा र चीनका उपप्रधानमन्त्री वाङ याङबीच बेइजिङमा आइतबार भएको आधा घण्टा लामो भेटवार्तामा केरुङ-काठमाडौं रेलमार्ग निर्माण, नेपालको पुनर्निर्माणमा चीनको थप सहयोगबारे छलफल भएको जनाइएको छ ।

चीनले अगाडि ल्याएको वान बेल्ट वान रोड परियोजनामा संलग्न हुने सम्झौता भए लगत्तै बेइजिङमा केरुङ-काठमाडौं रेलमार्गमा चीनले सहयोग गर्ने छलफल भएको हो । आइतबार नेपाल-चीन सिमापार आर्थिक क्षेत्र निर्माण तथा स्याफ्रुबेशी-रसुवागढी सडक विस्तारमा चीनले सहयोग गर्ने सम्झौता पनि भएको छ ।

के हो ओबर ?

ओबिओआर प्राचीन चीनको रेशममार्ग (सिल्क रोड)को नयाँ रुप हो भन्दा हुन्छ । रेशम मार्ग त्यस समयको चीनले आफ्नो सभ्यता, संस्कृति र मौलिकतालाई पश्चिमा देशसम्म पुऱ्याउने र आफ्नो बन्दब्यापारलाई फैलाउने रणनीतिका साथ अघि सारेको निकास मार्ग हो । उनीहरुले त्यस समय मै एसियादेखि युरोपसम्म आफ्नो उत्पादन पठाउन र आफ्नो जनशक्तिलाई व्यापारका लागि त्यसतर्फ जान सजिलो पार्न समेत यो मार्गको अवधारणा ल्याएका हुन् ।

यसैको नयाँ रुप हो अहिलेको ओबीओआर (ओबर) । सडकले छुने सडक र त्यसले नछुने समुद्रले समेत गरी विश्वव्यापीरुपमा आफ्नो सञ्जाललाई विस्तार गर्न चीनले अघि सारेको यो पछिल्लो अवधारणलाई यस शताब्दीको सबैभन्दा ठूलो र महत्वाकांक्षी परियोजनाका रुपमा विश्वव्यापीरुपमा चर्चा छ ।

लामो समयको व्यापक तयारी र नेपालको आफ्नो राष्ट्रिय स्वार्थ र आवश्यकताका आधारमा नेपालले शुक्रबार हस्ताक्षर गरेको उक्त आयोजनाले प्रत्यक्ष रुपमा एसिया र युरोपका कम्तीमा ६४ देशलाई जोड्छ । तीमध्ये अधिकांश देश विकासशील छन् ।

यस मार्गले छुने वा प्रत्यक्ष जोड्ने देशका नागरिकको हिसाब गर्दा विश्वको ६४ प्रतिशत जनसङ्ख्या यसले ओगट्छ । त्यसैगरी अरु आर्थिक सूचकांकको हिसाब गर्ने हो भने पनि यसले विश्वको कुल ग्राहस्थ उत्पादनको करिब ३७ प्रतिशत हिस्सा समेट्छ ।

यो नयाँ अवधारणाको सुरुवात चिनियाँ राष्ट्रपति सि जिनपिङले गरेका हुन् । उनले सन् २०१३ को अक्टोबरमा कजाकिस्तानको भ्रमणका क्रममा दिएको भाषणमा यस अवधारणाको उल्लेख गरेका थिए । उनले उक्त भाषणमा भनेका थिए, 'वि विल कनेक्ट एसिया एण्ड युरोप' । त्यसैगरी उनले सोही वर्षको सेप्टेम्बर महिनामा इन्डोनेसिया भ्रमणका समयमा उनले भने- 'एक्काइसौं शताब्दिको रेशम मार्ग' । त्यसलाई सामुद्रिक मार्गको नाम दिइएको छ । चीनको फुझोउबाट सुरु भएको यसले पनि एसिया र अफ्रिकालाई पनि जोड्दछ ।

विश्वका कैयौं सामुद्रिक देशका तटीय देश र सहरलाई यसले समेट्छ । यी दुवै अवधारणालाई सोही वर्षको नोभेम्बरमा बसेको चिनियाँ कम्युनिष्ट पार्टीको अठारौं केन्द्रीय समितिको तेस्रो पूर्ण बैठकले पारित गऱ्यो ।

यस आयोजनामा बहुआयामिक प्रकृतिका सञ्जाल रहन्छन् । जस्तो कि रेलमार्ग, सडकमार्ग, सामुद्रिक मार्ग, हवाईमार्ग, पाइपलाइन, उर्जाको ग्रिड, ट्रान्समिसन लाइन, इन्टरनेट र अन्य । यसरी यी अधिकांश प्रविधि र मापदण्डले मात्र पनि नेपाललाई जोडिदियो भने नेपाललाई फाइदै फाइदा छ । तर त्यसबाट कसरी लाभ लिने त भन्ने बारेमा नेपालले विभिन्न तहमा व्यापक मात्रामा गृहकार्य गर्नु आवश्यक छ ।

दुई दिने 'बेल्ट एन्ड रोड फोरम' को उद्घाटनपछि किनोट स्पिच दिँदै सीले सिल्क रोड कोषमा एक अर्ब युआन थप गर्ने, चिनियाँ बैंकहरुले विदेशी पूँजीमा तीन खर्ब युआन वृद्धि गर्ने बताएका छन् । समग्रमा सीले यो परियोजनाको कोषमा ७ खर्ब ८० अर्ब युआन (एक खर्ब १३ अर्ब अमेरिकी डलर) वृद्धि गर्ने वाचा गरेका छन् । विश्वव्यापी वृद्धिमा नयाँ चालकशक्ति आवश्यक रहेको बताउँदै उनले विकास प्रक्रिया अझ सहभागितामूलक तथा सन्तुलित हुनुपर्ने र धनी तथा गरिबबीचको अन्तरमा कमी हुनुपर्नेमा जोड दिए ।



के छ नेपाल-चीनबीचको ओबर सम्झौतामा ?

नेपाल र चीनबीच शुक्रबार हस्ताक्षरित वन बेल्ट वन रोड (ओबीओआर) सम्बन्धी समझदारीपत्रअनुसार दुई देशबीच आगामी दिनमा प्रमुख पाँच क्षेत्रमा सहयोग अभिवृद्धि गर्ने लक्ष्य लिइएको छ ।

द्विपक्षीय समझदारीपत्रमा हस्ताक्षर भएसँगै नेपाल चीनले अघि बढाएको वन बेल्ट वान रोड अवधारणाको सदस्य बनेको छ । समझदारीपत्रमा नेपालका तर्फबाट परराष्ट्रसचिव शंकरदास बैरागी र चीनबाट तर्फबाट यहाँस्थित चिनियाँ राजदूत यु होङले परराष्ट्र मन्त्रालयमा शुक्रबार बिहान हस्ताक्षर गरेका हुन् ।

समझदारीपत्रमा नेपाल र चीनबीच आर्थिक विकाससम्बन्धी नीति निर्माण तर्जुमा गर्दा आपसमा समन्वय गर्ने (पोलिसी कोअर्डिनेसन), रेल तथा सडक कनेक्टिभिटी बढाउने (फ्यासिलिटी कनेक्टिभिटी), व्यापार तथा पारवहन कनेक्टिभिटी सुदृढ बनाउने (ट्रेड कनेक्टिभिटी), आर्थिक एकीकरणमा जोड दिने (फाइनान्सियल इन्टिग्रेसन) र जनस्तरको सम्पर्क अभिवृद्धि (पिपुल टु पिपुल कन्ट्याक्ट्स) गरेर पाँच क्षेत्र छुट्ट्याइएको छ ।

सहकार्यको पहिलो क्षेत्रअनुसार आगामी दिनमा नेपाल र चीनबीच आर्थिक विकाससम्बन्धी नीति निर्माणमा आपसमा समन्वय हुनेछ । अधिकारीहरूका अनुसार यो क्षेत्रअन्तर्गत नेपालको राष्ट्रिय योजना आयोग र चीनको राष्ट्रिय विकास सुधार आयोगबीच भविष्यमा विकास रणनीति तय गर्दा सहकार्य र समन्वय हुन सक्नेछ ।

समझदारीपत्रको दोस्रो क्षेत्रअन्तर्गत भौतिक पूर्वाधार निर्माण पर्छ । रेल र सडक कनेक्टिभिटी विस्तार यस क्षेत्रको मुख्य अंग हो । चिनियाँ रेल सञ्जाललाई नेपालसम्म विस्तार र चीनतर्फबाट सडकसँग नेपालका सडकले जोड्नेलगायत विषय परेका छन् ।

सहकार्यको तेस्रो क्षेत्र व्यापार कनेक्टिभिटी हो । सीमामा सुक्खा बन्दरगाह निर्माण, विशेष आर्थिक क्षेत्र, औद्योगिक पार्क निर्माण, चिनियाँ लगानी नेपालमा भित्र्याउनेलगायत विषय छन् । यही क्षेत्रअन्तर्गत दुई देशबीचको स्वतन्त्र व्यापारको सम्भावनाको विषय समेटिएको छ ।

समझदारीपत्रमा सन् २०१७ भित्र स्वतन्त्र व्यापार सम्झौता गर्न दुई देशबीच अध्ययन गर्ने भन्ने वाक्यांश राखिएको छ । चीनसँगको नेपालको बढ्दो व्यापार घाटालाई दृष्टिगत गरी स्वतन्त्र व्यापारका विषयमा अहिले नै चीनसँग ठोस सम्झौता गर्ने अवस्था नरहेको धारणा चिनियाँ पक्षलाई सुनाइएको छ । समझदारीपत्र अनुसार सहकार्यको चौथो क्षेत्र आर्थिक एकीकरण हो । यसमा चिनियाँ बैंकलाई नेपालमा शाखा खोल्न दिने, द्विपक्षीय आर्थिक कारोबारमा नेपाल तथा चिनियाँ मुद्राको प्रयोगलाई बढी प्राथमिकता दिनेलगायत विषय समेटिएका छन् ।

समझदारीपत्रको पाँचौं क्षेत्रमा जनस्तरको सम्पर्क विकास गर्ने विषय छ । यसअनुसार चीन र नेपालका निजी तथा सरकारी संस्थाबीचको सहकार्य मजबुत बनाउने, सरकारी अधिकारी र सांसदहरूको भ्रमण आदानप्रदान बढाउने, सञ्चारमाध्यमहरूबीचको सहकार्य सुदृढ बनाउने, चीन र नेपालका सहरहरूबीचको भगिनी सम्बन्धलाई बढावा दिने उद्देश्य लिइएको छ ।

समझदारीपत्रको दस्तावेजलाई नेपाल तथा चीन दुवैले सार्वजनिक गरेका छैनन् । 'चिनियाँ पक्षको अनुरोधअनुसार दस्तावेज सार्वजनिक नगरिएको हो ।

चिनियाँ रेल नेपाल जोडिएपछि...

पूर्व, पश्चिम र दक्षिणतिर भारतबाट र उत्तरतिर चीनबाट घेरिनु अर्थात् भूपरिवेष्ठित हुनुलाई नै नेपालको अविकासको मुख्य समस्या मान्ने गरिएको छ । त्यसमा पनि तीनतिरबाट भारतवेष्ठित हुनु नै नेपालका लागि दुर्भाग्य ठानिन्छ । भारतसँग नेपालको सीमा समथर भएका कारण र अन्य ऐतिहासिक कतिपय कारणले उससँग नेपालको पहुँच सहज छ । २९ वटा व्यापारिक नाकाबाट नेपालले भारतसँग कारोबार पनि गर्दै आएको छ ।

रेल जोडिएपछि नेपाललाई साङ्घाई-काठमाडौंबाट (३५०० किमि टाढा) बन्दरगाह प्रयोग गर्न पनि सहज हुनेछ । चीनले सन् २०२० भित्र साङ्घाई-उरुम्ची (सिन्जियाङको राजधानी) ४ हजार किलोमीटर लामो दुरीमा बुलेट ट्रेन जोड्दैछ । बुलेट ट्रेनबाट उरुम्ची पुग्न जम्मा १४ घण्टा समय हुनेछ । यही स्तरको ट्रेनलाई काठमाडौं जोड्ने हो भने जम्मा १० घण्टाको दुरीमा साङ्घाइसँग काठमाडौं जोडिनेछ । अहिले जम्मा ११ सय किलोमीटरको दुरीमा रहेको कलकत्ता बन्दरगाहबाट काठमाडौं आइपुग्न लगभग २ दिन लाग्ने गरेको छ । त्यसैले प्रविधिले सिर्जना गर्ने गतिशीलता अहिलेको समयमा धेरै हदसम्म निर्णायक हुने गर्छ ।

चीनसँग रेलमार्गमा जोडिने बित्तिकै नेपालले पाकिस्तानको ग्वादार बन्दरगाह पनि प्रयोग गर्न सक्नेछ । चीन र पाकिस्तानबीच 'चीन–पाकिस्तान इकोनोमिक करिडोर' निर्माणधीन छ । यो एक्काइसौं शताब्दीको महत्वकांक्षी परियोजना पूरा हुँदा पाकिस्तानको १२ प्रतिशतसम्म आर्थिक वृद्धिदर हुने र सात लाख युवाले रोजगारी पाउने आँकलन गरिएको छ ।

चीनसँग रेल जोडिएपछि नेपाल-भारतबीचको सन् १९५० को सन्धि आफै निश्प्रभावी हुने देखिन्छ । सन् १९५० को सन्धि र त्योसँग आधारित दुई पक्षीय 'लेटर अफ एक्सचेन्ज' अनुसार (सन् १९५४) नेपालले भारतीय अनुमति लिएर भारतीय जमीन र आकाशबाट मात्र हतियार खरिद गर्न पाउने कुरा उल्लेख छ । तर चीनसँग भएको पारवहन सन्धिले नेपालले तेस्रो देशबाट पनि चीन भएर हतियार वा अन्य व्यापार गर्न सक्ने बाटो खुलेको छ । यतिखेर भारतीय पक्षको टाउको दुखाइ पनि यसैमा देखिन्छ ।

## सामाजिक सञ्जाल



*माकेहरु राष्ट्रघाती महाकाली सन्धीको बारेमा निक्कै खोक्छ्न। अनि यो कुराको ख्याल गर्दैनन या खाली कर्कस स्वरमा आफ्नो गित मात्र सुनाउन रुचाउछ्न भन्या ?*

*महाकाली सन्धि अनुमोदन गर्ने बेला देशको पीएम शेरबहादुर थिए जस्को काँधमा बसेर आज सत्ताको सयर भैराछ भन्ने था छ कि छैन ? अनि केपीले महाकाली सन्धि अनुमोदन गर्न महत्वपूर्ण भूमिका खेलेको कुरो हिजो उनको पछि लागेर सत्ताको सयर गर्दै गर्दा कसरी बिर्से ? बेफाइदा हुने कुरा कसरी यति छिट्टै भुलिदो रैछ ? महाकाली मात्र होइन गण्डकी र कोशी अनि कर्णाली बेच्ने कंग्रेस हो किन बुइ चढेछौं? अझ भरे भोलि तिनै कंग्रेसलाई भरतपुरमा मेयर जिते पछि सत्ताको नेतृत्व सुम्पने कुरा छा यति धेरै अवसरवादी दृष्टिकोण हुनु पर्ने रैछ माके हुन ? माके कोणबाट चिज(बस्तु र घटन)लाई हेर्न हामीले नजानिने रैछ । – **सुरेश गौतम***



*स्थानीय तहको ३४ जिल्लाको निर्वाचन सकिएको छ । मतदाताले परिवर्तन र अधिकार सम्पन्न हुने या फेरि यिनै निरंकुश र निर्वाचित फासीवादको पक्षमा मत जाहेर गरेर नागरिक होइन रैती बन्ने यात्रालाई संस्थागत गरे भन्ने भोलिदेखि आउने परिणामले देखाउला । – **केशरमणि कटुवाल***



*दुई चार पट्का पड्काउने र एकाध वडासदस्यका उम्मेदवारलाई तर्साउने बाहेक बहिस्कारवादीले गर्ने अरु के नै पो थियो र ?– **खगेन्द्र छन्त्याल***



*नेपालको मुख्य राजनीतिक दलहरू र त्यसका नेतृत्वको क्रियाकलाप र आचरण पहिलेभन्दा झन खस्कदो अवस्थामा भएपनी फ़ेरि ती दलहरू नै चुनावी विकल्प हुनु वर्तमान चुनाव मार्फत सामाजिक र आर्थिक परिवर्तन हुन्छ सोच्नु दिवास्वप्न मात्र हुन्छ । – **यादव शिवराम***



*आज बाट मतगणना शुरु हुँदै छ । १२/१५ दिन को तैयारी र ५ दिनको प्रचारले हामी जति परिणाम ल्याउछौं त्यो हाम्रो कामको पहिलो कमाई हुनेछ । हामीले यो संसदीय व्यवस्थाको भण्डाफोर र संविधानको जनविरोधी चरित्रको पर्दाफास गर्न उस्कै घेरा भित्र रहेर जुन लडाइँ लड्यौं एसले हामीलाई संगठित हुन पनि मद्दत पुर्यायो। हामीले एउटा सुदृढ संगठन निर्माणका लक्ष्य सहित यो प्रक्रिया मा होमिएका थियौं, जुन संगठन बारम्बारको फुट र विभाजनले नराम्ररी भत्किएको थियो त्यसको आधार खडा भएको छ । – **शर्मा नारायण***



*मत परिणाम कमजोर आउन थालेपछी केही (मुख्य बाहेक) दलका कार्यकर्ताहरु यो यस्तो, उ उस्तो,धन, बल,शक्ति प्रयोग भएको कुरा गर्दैछन् । यो बुर्जुवा पद्धतिमा चुनाव यस्तै हुन्छाया त यस्तो चुनावमा सहभागी नहोऔं । सहभागी भएपछि यस्का सबै कर्मलाई स्विकारौं।त्यसैले चित्त नदुखाऊ मित्रहरू । – **गणेश चितौरे***



*मतदान हुनुभन्दा करीब ८ घण्टा अघि प्रहरीले मध्यरातमा पैसा बाँड्दै गरेको अबस्थामा पोखरा लेखनाथ महानगरपालिका वडा नम्बर १६ अर्मलाबाट ३ जनालाई समातेर लगेको थियो f २ घण्टा पनि नहुँदै छाडेछ । कुरो के परेछ भने एमालेका नेता तथा कार्यकर्ताले कांग्रेसले पैसा बाँड्यो भनेर निर्बाचन कार्यालयमा उजुरी गरेछ । २ जनालाई प्रहरीले पक्राउ पनि गरेछ । एमालेका कार्यकर्ताले प्रहरीको नियन्त्रणमा रहेका २ जनाले पैसा बाँडेको आरोप लगाई रहे । कुरो मिलेन । एकजना एमाले कार्यकर्ता सहित तिन जनालाई प्रहरीले पक्राउ गरेर वडा प्रहरी कार्यालय बगरमा लगेछ । त्यहाँ पुगेर प्रहरीको हिरासतमा बस्न पर्ने भएपछी तैंचुप मैचुप गर्ने सहमतिपछि घर फर्केछन f कुरो यस्तो आयो । कांग्रेस कार्यकर्ताहरुले हामीले भोट मागेका होऔं । पैसा बाँडेका हैनौं भनेछन । पैसा नबाँडेको भए प्रहरीले किन पक्राउ गऱ्यो ? पैसा बाँडेको भए किन छाडियो ? अनुगमन र पर्यबेक्षण गर्नेहरु घाँटीमा बाँधेको गलपासो शिरानी हालेर सुतेका रहेछन कि क्याहो ? कि चुनाव अनुगमन एवं पर्यवेक्षणका नाममा आएको बजेटले कुखुराको सपेटा तान्दै थिए ? यस बारे छानबिन गर्न आवश्यक छैन र ? **ओम हमाल***



*आइतबार भएको स्थानीय तहको निर्वाचनको जारी पारंभिक मत गणना सुन्न थाले पछि धेरै हनुमानगिरी गर्नेहरू त चकमन्न भएका छन सामाजिक संजालमा । – **गोपाल शिवा***

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# नेतृत्वको सवालबारे कमरेड माओ

● चाउ एन लाइ



सर्वहारावर्ग अरु वर्गहरुभन्दा बढी प्रगतिशिल भएकोले, त्यसले अरुहरुको नेतृत्व गर्नुपर्छ, र त्यो कमरेड माओ चतुङको शब्दमा, "कमान गर्ने अधिकारी" (ऋयक्कबलमष्लन झाष्अभच) बन्नुपर्छ । तर सर्वहारावर्गले कमानको स्थिति आफसेआफ प्राप्त गर्दैन । किसानवर्गदेखि ठूला पुँजीपतिवर्ग सबै हाम्रो पक्षमा छन् र हामीलाई कमान गर्ने अधिकारी मान्छन् भन्न सकिदैन । महान् क्रान्तिको बेलामा, पेङ शूचि नाउँ गरेका एकजना मानिसले लेखेको एउटा लेखमा के भनियो भने सर्वहारावर्ग आफसेआफ नेता हुन्, त्यसैले नेतृत्वको लागि संघर्ष गर्नमा कुनै आधार छैन । उक्त धारणा नेतृत्वको लागि संघर्षसम्बन्धी कमरेड माओ चतुङको विचारको पूरै विपरीत छ । सर्वहारावर्ग र कम्युनिष्ट पार्टीले संघर्षमार्फत् नेतृत्व हासिल गर्नुपर्छ, किनभने अरुहरु पनि, ठूला पुँजीपतिवर्ग मात्र होइन, उदार पुँजीपतिवर्ग र निम्न-पुँजीपतिवर्ग पनि नेतृत्वको लागि लडिरहेका छन् । तर नेतृत्वको लागि हामीसित लडिरहेको मुख्य शक्ति ठूला जमिन्दार र ठूला पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने शासक समूह, क्वोमिन्टाङ हो । तसर्थ, संयुक्त मोर्चाको नेतृत्वका लागि एक अर्कोसित संघर्ष गर्ने शक्ति मुख्यरुपले क्वोमिन्टाङ र कम्युनिष्ट पार्टी हुन् । ठूला पुँजीपतिवर्ग हाम्रो प्रमुख प्रतिद्वन्द्वी हो । किनकि एउटा इकाइमा दुईजना कमान गर्ने अधिकारी भएमा, तिनीहरुमा मुक्कामुक्की चल्नु स्वभाविक छ, र एकजनाले सो स्थितिलाई छाड्नै पर्छ । महान क्रान्तिको सुरुका दिनहरुमा एक समय क्वोमिन्टाङ र कम्युनिष्ट पार्टी एउटै शक्तिमा एकताबद्ध थिए । क्रान्तिको असफलतापछि, ती दुइटा शक्तिमा विभाजित भए र ती आजसम्म विभाजित रहेका छन् । एउटा हो सर्वहारावर्गको प्रतिनिधित्व गर्ने कम्युनिष्ट पार्टीको नेतृत्वमा रहेको शक्ति– यस्तो शक्ति जुन अहिले एउटा जनसेना मुक्त इलाकाहरु भएको विन्दुसम्म विकसित भएको छ । अर्को हो ठूला जमिन्दार र ठूला पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने क्वोमिन्टाङको नेतृत्वमा रहेको शक्ति– यस्तो शक्ति, जसले अठाह्र वर्षसम्म एक- पार्टी तानाशाही शासन चलाएको छ । यी दुई शक्तिहरु एक अर्कोसित लडिरहेका छन् र दुवै किसानवर्ग, निम्न-पुँजीपतिवर्ग र उदार पुँजीपतिवर्गलाई आफ्नो पक्षमा तान्न खोजिरहेका छन् । कोही मानिसहरु के भन्छन् भने हामी किसान र निम्न-पुँजीपतिहरुको मात्र समर्थन पनि प्राप्त गर्न चाहन्छौं । त्यो कुरा साँचो होइन । हामी उदार पुँजीपतिवर्गको समर्थन प्राप्त गर्न चाहन्छौं । जनतालाई आफ्नो पक्षमा तान्न र तिनको नेतृत्व गर्न त्यसको प्रत्येक पक्षद्वारा अपनाइएका तरिकाहरु फरक छन् । क्वोमिन्टाङले दमनको सहारा लिन्छ । त्यसले मजदुर र किसानहरुलाई मात्र होइन, निम्न-पुँजीपतिवर्ग र उदार पुँजीपतिवर्गलाई पनि दबाउँछ । हाम्रो तरिका भनेको हामीले तान्नसक्ने सबैसित सहयोग गर्नु हो । किसानवर्गसित हाम्रो सम्बन्ध उत्कृष्ट छ र निम्न-पुँजीपतिवर्गसित सम्बन्ध पनि धेरै राम्रो छ । उदार पुँजीपतिवर्गसित हाम्रो सम्बन्ध अरुसितको सम्बन्ध जस्तो छैन । सो सम्बन्ध महान क्रान्तिको सुरुको र मध्य अवधिमा मैत्रीपूर्ण सैनिकहरुसितको हाम्रो सम्बन्ध जस्तो छ । यहाँ समस्या के छ भने उदार पुँजीपतिवर्ग सँधै हाम्रो कुरा सुन्दैन र अक्सर आफ्नो स्वाधीनतामा जोड दिन्छ । त्यसैले, सबै कुरामा होइन कि ठूल-ठूला सवालको सम्बन्धमा मात्र उदार पुँजीपतिवर्गको नेतृत्व गर्न सक्छौं । निश्चय पनि, भिन्ना-भिन्नै परिस्थितिमा उदार पुँजीपतिवर्गसितको व्यवहारमा हामी सारतत्व मात्र होइन, नेतृत्वको रुप पनि पाउन सक्छौं । उदाहरणका लागि, मुक्त क्षेत्रहरुमा उदार पुँजीपतिवर्ग हाम्रो औपचारिक नेतृत्वलाई स्वीकार्न सक्छ, हुन त त्यो अझ पनि आफ्नो स्वाधीनता कायम राख्न चाहन्छ ।

के हामी कहिले काहीं ठूला जमिन्दारहरु र ठूला पुँजीपतिहरुको नेतृत्व गर्न सक्छौं ? ऐतिहासिक अनुभवले के देखाउँछ भने हामीले सामुहिक रुपमा वा कुनै खास सवालमा तिनीहरुको नेतृत्व गर्नु सम्भव छ । सामान्य रुपमा भन्ने हो भने, आफू कमजोर हुँदा तिनीहरुले हाम्रो नेतृत्वलाई सकार्न सक्छन् । उदाहरणार्थ, १९२६ मार्च २० तारिखपछि, च्याङ काई शेकले हाम्रो नेतृत्वलाई सकार्न चाहेनन्, तर उनमा उत्तरी अभियानलाई अघि बढाउने तागत थिएन, त्यसैले उनले हामी र सोभियत संघसित मद्दत मागे । हाल उनले हाम्रो नेतृत्वलाई स्वीकारे, तर लामो समयको लागि होइन, किनभने देखावटी रुपमा हामीलाई नेतृत्व गर्न दिएको भए पनि उनले हामीबाट पृथक हुन तयारी गरिरहेका छन् । हिजो प्रस्तुत गरिएको कमरेड चुतेको प्रतिवेदनमा अर्को दृष्टान्त दिइएको छ । जब कोमिन्टाङ सैनिकहरु निकै कठिन स्थितिमा परे र तिनीहरु उत्तरी चीनमा अघि बढिरहेको नौ वटा शत्रु-सैनिक डफ्फाको घेराबन्दीमा परे, तिनीहरु प्रधान सेनापति चुतेको नेतृत्वलाई स्वीकार्न इच्छुक भए । तर त्यो क्षणिक मात्र रह्यो । आफ्नो पृष्ठ भागसँग सम्पर्क बनाएपछि, तिनीहरु भाग्नेछन् र अनि फर्केर हामीमाथि हमला गर्नेछन् । त्यसैले हामीले निरन्तर आफ्नो रखबारी गर्नुपर्छ । जब प्रतिरोध युद्धमा लाग्ने च्याङ काई-शेकले निर्णय गऱ्यो, हामीले उनलाई युद्धतिर लगायौं वा धकेलिदियौं । तर युद्धको सञ्चालन गर्ने सम्बन्धमा, उनी हाम्रो तरिकाले होइन कि आफ्नै तरिकाले सञ्चालन गर्न चाहन्छन् । उनी हाम्रो नेतृत्वलाई सकार्दैनन् । सकार्नैपर्ने भएपछि, ठूला जमिन्दारहरु र ठूला पुँजीपतिवर्ग कुनै विशेष सवालमा मात्र हाम्रो नेतृत्वलाई स्वीकार्छन् । आफू तागतिलो भएपछि वा आवश्यक विदेशी सहायता पाएपछि, तिनीहरु हामीसित छुट्टिन्छन् । सारांशमा, सर्वहारावर्ग किसान वर्ग र निम्न-पुँजीपतिवर्गलाई निकै राम्ररी नेतृत्व गर्न र तिनीहरुसित ज्यादै घनिष्ट सम्बन्ध बनाउन समर्थवान छ । उदार पुँजीपतिवर्गले सदा आफ्नो स्वाधीनतामा जोड दिइरहे पनि, सर्वहारावर्गले त्यसको पनि नेतृत्व गर्न सक्छ, तर, सामान्यरुपमा भन्दा, त्यसले विशेष सवालमा वा कुनै निश्चित अवधिमा बाहेक ठूला जमिन्दारहरु र ठूला पुँजीपतिवर्गको नेतृत्व गर्न सक्दैन ।

नेतृत्वको सवाल सम्बन्धी कमरेड माओ चतुङका विचार र कार्यदिशाको कार्यान्वयनद्वारा इतिहासका भिन्ना-भिन्नै अवधिमा हाम्रो पार्टीले धेरै सफलताहरु हासिल गरेको छ । "बामपन्थी" र दक्षिणपन्थी अवसरवादीहरुले अन्य कुनै सवालमा भन्दा यस सवालमा बढी भूल गरेका छन् । संघर्षबाट मात्र नेतृत्व हासिल गर्न सकिन्छ भन्ने कुरालाई उनीहरु बुझ्दैनन् ।

दक्षिणपन्थी विचलनवादी दृष्टिकोण भएका व्यक्तिहरु नेतृत्वमा जोड दिदैनन् । चेन तु श्यूले महान क्रान्तिको पछिल्लो अवधिमा त्यस्तै काम गरे । उनले आफसे आफ हुने नेतृत्वबारे केही चुलबुले कुरा गर्नु नै पर्याप्त ठाने । वास्तवमा उनलाई कस्तो लागेको थियो भने यो एउटा पुँजीवादी क्रान्ति भएकाले, नेतृत्व पुँजीपतिवर्गले गर्नुपर्छ र सर्वहारावर्गको भूमिका, हद भए "ताम्दानी बोक्नु" र सभा, संगठन र भाषण, स्वतन्त्रता र हड्ताल गर्ने हक प्राप्त गर्न कोशिस गर्नु रहन्छ । किसान सवालमा, उनले, भूमि समस्या समाधान गर्ने कुरा त छाडिदिऊँ, कूत र ब्याज घटाउने कुरालाई समेत स्वीकृति दिएनन् । दुईवटा नारा लेखेर धेरै पोष्टरहरु टाँसिए । एउटामा "सर्वहारावर्गको नेतृत्व स्थापित गर" र अर्कोमा "अपुँजीवादी भविष्यको लागि प्रयास गर" भन्ने लेखिएको थियो । हाम्रो पार्टीको पाँचौ महाधिवेशनमा पनि उक्त नाराहरु खूब देखिए । तर नारा नारामात्रै रह्यो, र वास्तवमा हामी नेतृत्व छाडिरहेका थियौं । कस्तो विश्वास गरियो भने नेतृत्व हाम्रो हातमा आफसेआफ आउँछ, त्यसैले त्यसको लागि संघर्ष गर्नाको कुनै आधार छैन । तसर्थ, नीतिको रुपमा, मजदुर-किसान सशस्त्र सेनाको निर्माण गर्नु वा मजदुर र किसानको नेतृत्वमा सरकारको स्थापना गर्नु कुनै आवश्यकता छैन । हुनान, शियाङशी र हुप जस्ता प्रान्तहरुमा र अन्यत्र केही काउन्टीहरुमा त्यसबेला राजनीतिक सत्ता उहान सरकारको हातमा भए पनि, चेन तश्यूले मजदुर र किसानको संघर्षलाई दबाए र सारा कुरा छाडिदिए । त्यसरी छाडिदिनाको परिणाम महान क्रान्तिको असफलता रह्यो । पहिलो उहान अवधिमा गरिएको गल्ती त्यहीं थियो ।

दोस्रो उहान अवधिमा पनि गल्ती गरियो, किनभने हामी नेतृत्वको सवाललाई बुझ्न असफल भयौं । एउटा तर्क कस्तो रह्यो भने प्रतिरोध रहेसम्म एकता रहन्छ, च्याङ काई-शेकको सरकार एकीकृत भएको छ, उनको ठूलो-पुँजीवादी सरकार जनवादी हुँदै छ र जनताले पूर्ण स्वतन्त्रता पाएका छन् । अर्को शब्दमा, ठूलो पुँजीपतिवर्ग अनौठो, ज्यादै जनवादी, एकदमै एकीकृत थियो । यो ठूलो पुँजीपतिवर्गको नेतृत्वलाई मान्नु बराबर थियो । तसर्थ, नीतिको रुपमा, जनवादी सुधार वा जन-जीवनमा सुधारको माग गर्नुपर्ने आवश्यकता छैन । तर हाम्रो पार्टीको केन्द्रीय कमिटीले जनवादी सुधार र जनताको निम्ति अधिक राम्रो जीवनमा ठूलो जोड दियो । हामीले नेतृत्व छाडिरहेको तथ्यले आफूलाई अन्य तरिकाबाट पनि अभिव्यक्त गऱ्यो । हामीले शत्रुपछाडिको पंक्तिको विकास गर्नमा बेवास्ता गऱ्यो, त्यहाँ राजनीतिक सत्ताको स्थापना गर्न आव्हान गरनौं, र सबै कुरा संयुक्त मोर्चामार्फत् गरियोस् भन्नेमा जोड दियौं । यदि संयुक्त मोर्चा हाम्रो नेतृत्वमा भएको भए, त्यो अवश्य पनि राम्रो हुने थियो । तर वास्तवमा क्वोमिन्टाङले हाम्रो नेतृत्वलाई मानेन । क्वोमिन्टाङलाई स्वीकार्ये हुने संयुक्त मोर्चामा, हाम्रो नेतृत्वमा रहेका सैनिकहरु त्यसको सैनिक तथा सरकारी आदेश अन्तर्गत एकबद्ध हुने थिए । त्यसैले, सारा कुरा संयुक्त मोर्चामार्फत् गरिनु पर्छ भन्नुको वास्तवमा अर्थ सारा कुरा क्वोमिन्टाङको सैनिक तथा सरकारी आदेश अन्तर्गत गरिनुपर्छ भन्नु थियो । सातवटा कुराको एकीकरण गर्नुपर्छ भन्ने प्रस्तावित गरियो । कमान, सांगठनिक पंक्तिवद्धता, हातहतियार, अनुशासन, तलब, कार्ययोजना र युद्धकार्य । त्यसको अर्थ सारा कुरा क्वोमिन्टाङको हातमा छाड्नुपर्ने र त्यसको सैनिक आदेश अन्तर्गत एकीकृत हुनुपर्ने भन्ने थियो । शान्शी-चाहर-हुपी सीमान्त क्षेत्रको स्थापनामा क्वोमिन्टाङको स्वीकृति हुनुपर्छ भन्ने प्रस्ताव पनि राखियो । त्यसको अर्थ सारा कुरा क्वोमिन्टाङको सरकारी आदेश अन्तर्गत स्वीकृति गरिने भन्ने थियो । उक्त चित्त बुझाउने (ऋयलअष्बितष्यलक्कत) नीतिको नतिजास्वरुप, उहानमा तीनवटा जनसंगठनहरुको विघटन गरियो । अनि मध्यचीनमा दक्षिणी आन्हयू घटना भयो । यो सब अरुहरुबाट हुने हमलाविरुद्ध निरन्तर सतर्क रहने कमरेड माओ चतुङको सल्लाहको अनुशरण नगर्नाको परिणाम थियो । हामीले क्वोमिन्टाङलाई हाम्रो स्तरसित त्यसको स्थितिलाई मिल्दो पार्न लगाएनौं, बरु हामीले तिनीहरुको इच्छा पुऱ्याउन आफ्नो स्तरलाई तल खसाल्यौं । त्यो नेतृत्वको लागि संघर्षमा गरिएको एउटा दक्षिणपन्थी गल्ती थियो ।

"बामपन्थी" अवसरवादीहरुले पनि नेतृत्वको सवालमा भूल गरेका छन् । छोटोमा भन्ने हो भने, तिनीहरुले चिनियाँ क्रान्तिको नौलो-जनवादी स्वरुपलाई बुझेनन् । तिनीहरुको कस्तो विश्वास थियो भने हामीले १९०५ र १९०७ का बीच रुस जुन चरणमा रहेको थियो, सो चरणलाई पार गरिसकेका छौं, र तिनीहरु तत्काल संक्रमण र गैर-पुँजीवादी भविष्यका लागि अधिर थिए । तिनीहरुले सर्वहारा नेतृत्वको बारेमा खोक्रा वाक्यांशहरु भट्याए । नीति "बामपन्थी" हुँदा, हामी निम्न-पुँजीवादी जनसमुदायबाट मात्र होइन, बरु मजदुर-किसान जनताबाट पनि अलग्गियौं, र त्यसले गम्भीर नोक्सानी पैदा गऱ्यो । प्रतिरोध युद्धको बेलामा "बामपन्थी" दृष्टिकोण भएका केही व्यक्तिहरु यी सवालहरुमा पनि दिग्भ्रमित रहेका छन् । तिनीहरु संघर्ष मात्र चाहन्छन् र एकता चाहँदैनन् । तिनीहरु कमरेड माओ चतुङद्वारा प्रस्तुत गरिएका यस्ता कार्यनीतिक सिद्धान्तहरुलाई बुझ्न सक्दैनन्, जुन सिद्धान्त अनुसार संयुक्त मोर्चामा एकता र संघर्ष दुवै छन् र संघर्ष न्यायोचित आधारमा, हाम्रो फाइदाका लागि र संयमपूर्वक चलाइन्छ ।

तसर्थ, नेतृत्वको सवाल संयुक्त मोर्चाको केन्द्रीय समस्या हो । दक्षिणपन्थी विचलनवादीहरु नेतृत्व छाड्छन् भने "बामपन्थी" आफूलाई अलग्याउँछन् र "विनासेनाको कमाण्डर" बन्छन् । त्यसलाई हामी यस रुपमा राख्न सक्छौं; दक्षिणपन्थी विचलनवादीहरु पूरै सेनालाई त्यागिदिन्छन् भने "बामपन्थी" विचलनवादीहरु त्यसलाई पर धकेलिदिन्छन् ।

यो ऐतिहासिक अनुभवको जाँचबुझको आधारमा प्राप्त संयुक्त मोर्चासम्बन्धी मेरो सर्वोपरी समझदारी हो । म आफैले पनि उक्त तीन अवधिमा, र खासरुपले वितेका दुई अवधिमा कतिपय गल्तीहरु गरें । आज, उक्त अनुभवबारे चर्चा गर्दा, मलाई के लाग्छ भने हामीले आफ्ना गल्तीहरुको गम्भीरतालाई बुझ्नुपर्छ । अवश्य पनि तिनलाई सच्याइ सकिएको छ । भविष्यमा, यदि हामी शत्रु, हाम्रो आफ्नै पंक्ति वा नेतृत्वको सवालबारे स्पष्टसित बुझ्न असफल भयौं भने, यदि हामी ती विषयमध्ये कुनै एउटा पनि विषयमा असावधान वा अन्धो भयौं भने, त्यस स्थितिमा हामीले गल्तीहरु गर्नेछौं । यो कुरा मेरो सम्बन्धमा र हाम्रो पार्टीका सबै कमरेडहरुको सम्बन्धमा साँचो रहन्छ ।

*(अनु. कृष्णदास श्रेष्ठ)*

## कविता

# श्रद्धाञ्जली

▶ सुरेश गौतम



*कति सुन्दर सपनाहरु थिए*
*नयाँ युगको सुत्रपात गर्न*
*अन्याय र अत्याचारको साम्राज्य खरानी पार्न*
*त्यतिकै दृढता र प्रतिबद्धता पनि*
*कहिलै नहारीने महासमरका योद्धा भएर*
*लड्दा लड्दै त्यो कालरात्रीमा*
*तातो गोलिले छेडियका घाइते शरिरले*
*घण्टौं कुनै उद्दारक नपाएर*
*दुश्मनको कब्जामा पारिदा पनि*
*पराजित वर्ग बैरिका आक्रोशमा परेर*
*लात्ती र कुन्दाले हानी हानी मारिंदा पनि*
*मैले लाल सलाम कम्रेड भन्न भ्याएकै थिएं*
*जनयुद्ध जिन्दावादको नारा लगाएकै थिएं*
*आफ्नै मृत्युमा पनि*
*म कहिलै शोकाकुल भइन*
*दुश्मन सामु लम्पसार परेर*
*मैले भैतिक जीवन बचाइन*
*आज सम्म अन्तिम संस्कार गर्ने मलामी नपाएर*
*जिउदै गाडिएको मेरो घाइते शरिरको हाड्खोर*
*तिम्रो बिजयको प्रतिक्षा गरिरहेको छ*
*तिम्रो उत्सवपुर्ण आगमनको बाटो हेरि रहेको छ*
*म गुमनाम सहिद*
*म अज्ञात सहिद*
*मेरी आमा*
*आज पनि मलाई काखमा राखेर माया गर्ने आशामा छिन*
*मेरो सुखद आगमनको पर्खाइमा छिन*
*कमरेड तिमीलाई थाहा छ ?*
*तिमी माथी उनको भरोसा*
*सगरमाथा जस्तै आग्लो छ*
*सुन्दर झरनामा बग्ने पानी जस्तै सङ्लो छ*
*किनकी*
*उनी मेरी आमा हुन*
*एक सहिदकी आमा हुन*
*एक गुमनाम सहिदकी आमा*
*एक अज्ञात सहिदकी आमा*
*तर*
*आज समय फेरिएको छ*
*मूल्यको निर्मम हत्या गरिएको छ*
*आदर्शको गला रेटिएको छ*
*जस्ले*
*हजारौंको श्रम र पसिना अनि सिउदो र अस्मिता*
*सदियौं देखि लुटे।*
*अनि तिम्रो अज्ञात सहिद*
*तिम्रो एउटा घाइते लाल सिपाहीलाई*
*तड्पाई तड्पाइ बारमबार मुर्छित पारे*
*अनि जिउदै खाल्टोमा गाडे*
*आज तिमी उसैका भयौ*
*हाम्रा सपनाको तिमी आफैले*
*बीभत्स हत्या गर्यौ*
*म अज्ञात सहिद*
*म गुमनाम सहिद*
*यो महान आस्थाको मृत्युमा*
*यो अटल बिश्वासको मृत्युमा*
*म आज शोकाकुल भएको छु*
*हात उठाएर लाल सलाम भन्न नसके पनि*
*तिम्रो नैतिक मृत्युमा*
*म हार्दिक श्रद्धाञ्जली भन्न चाहन्छु*
*आज सम्म तिम्रो तर्फबाट प्राप्त सम्पुर्ण श्रद्धाञ्जली*
*म फिर्ता गर्न चाहन्छु ।*

## स्थानीय...

दलाली गर्ने{ प्रवृत्ति बढेको प्रष्ट नै देख्न सकिन्छ । यो अत्यन्तै विडम्बना र टीठ लाग्दो अवस्था हो ।

यसको अर्को पाटो पनि छ, देशका सचेत व्यक्तिहरुको अर्को हिस्सा । संख्यात्मक तवरबाट थौरै तर विचार, राजनीति, जनता र राष्ट्रप्रतिको प्रतिवद्धता, साहस र उच्च मनोवलको उच्चताका साथ आफ्ना धारणाहरु स्पष्ट रुपमा राख्दै आएका पनि छन् । राणा शासनका विरुद्ध लड्ने क्रममा शासक वर्गले आफ्नो शासन लम्ब्याउन परिवर्तनका पक्षधरहरुको विचारलाई समाप्त बनाउन छातीमा गोली हानियो, रुखमा झण्ड्याइयो तर स्वाभिमानीहरुले आफ्नो शिर झुकाएनन् । पंचायत कालमा सामन्तवादी सत्ताको रक्षार्थ उही तरिका अपनाइयो तर पनि स्वाभिमानीहरु झुकेनन् । संसदीय व्यवस्था कालमा त १५ औं हजार वीरयोद्धाहरुले आफ्नो जीवनको बलिदान दिए । हजारौंको संख्यामा बेपत्ता र घाइते भए तर पनि सत्ताका अगाडि झुकेनन् । यो साँचो अर्थमा वीर नेपालीको पहिचान बन्न पुग्यो । एउटा क्रान्तिकारी इतिहासको बिजारोपन भएको छ । यसलाई मेटाउन प्रतिक्रियावादी वर्तमान होइन, हिजो क्रान्तिको नेतृत्व गरेका एकाध नेताहरु पनि टुप्पीदेखि नै पैतालासम्मको बल लगाई रहेका छन् तर यो इतिहासलाई मेटाउने उनीहरुको तागत छैन । अहिलेको वर्तमान स्थानीय निर्वाचनमा जुन स्थिति र अवस्था देखिएको छ, त्यो पनि क्रान्तिकारी इतिहासलाई समाप्त बनाउने उनीहरुको एउटा कसरत हो । क्रान्तिकारीहरुको अगाडि केही प्रश्नहरु खडा भएको थियो, ति प्रश्नहरु मध्ये नेकपा (क्रान्तिकारी माओवादी)ले आफू निकट मोर्चा मार्फत् उपयोग गर्ने नीति अवलम्ब गर्ने निर्णय गऱ्यो । पार्टीको यहि तात्कालिन कार्यनीति अनुरुप पहिलो फेजको स्थानीय निर्वाचनमा देशभक्त जनगणतान्त्रिक मोर्चाका तर्फबाट केही स्थानहरुमा स्वतन्त्र उम्मेद्वारका रुपमा निर्वाचनमा सहभागी भएका छन् ।

**२. निर्वाचनसम्बन्धी बुझाई**

मानिसहरुमा निर्वाचनसम्बन्धी बुझाईका बारेमा फरक-फरक प्रकारका धारणाहरु प्रस्तुत हुने गर्दछन् । समग्रतामा भन्दा अंश-अंशको व्याख्या गर्ने र त्यसैलाई समग्र मानेर बुझ्ने समस्याहरु छन् । विचार, ईमान्दारिताभन्दा तात्कालिन फाईदा-बेफाईदा, तडक-भडक र हुलहुज्जतलाई देखेर बढी प्रभावित हुने अनि गलत परिणाम आएपछि पछुताउने हाम्रो प्रचलन छ । त्यो सही होइन । जसले गर्दा इमान्दार जनताहरुलाई वुर्जुवा पार्टीहरु, यथास्थितिवादी पार्टीहरु, यथास्थितिवादी पार्टीहरु तथा प्रतिगामी पार्टीहरु र त्यसका नेताहरुले आजसम्म ठग्दै आएका छन् । अझै पनि यस निर्वाचनमा ठग्ने सम्भावना प्रवल छ र यो जनतामा रहेको न्युन चेतना, गरिबी र भ्रमको उपज हो । सामान्य जनतामा मात्र होइन, क्रान्तिकारी पार्टीभित्रका कतिमय नेता कार्यकर्तामा समेत कयौं अन्योलता र भ्रमहरु भएको म पाउँछु । यसलाई हल गर्न मात्र घनिभूत वर्ग संघर्षको आवश्यकता पर्दछ या त मालेमावादप्रतिको बुझाईको स्पष्टताको आवश्यकता पर्दछ । यसरी हेर्दा यतिबेलाको संघीय लोकतान्त्रिक गणतन्त्र भनेको कस्तो व्याख्या हो ? यसले कुन वर्गको सेवा गर्दछ ? भन्ने कुरा बुझ्न आवश्यक छ ।

यो व्याख्या संघीय लोकतान्त्रिक गणतन्त्र मात्र नभएर संघीय लोकतान्त्रिक संसदीय गणतन्त्र हो । त्यसैले यो एक प्रकारको वुर्जुवा गणतन्त्र नै हो । यसले सर्वहारा वर्गको सेवा नगरेर वुर्जुवा वर्गकै सेवा गर्दछ । तसर्थ यो संविधान पनि जन संविधान नभएर जनविरोधी संविधान हो । एक प्रकारको वुर्जुवा संविधान नै हो । त्यसैले अहिले हुन गैरहेको स्थानीय निर्वाचन त्यसैलाई संस्थागत गर्न गरिएको निर्वाचन नै हो । निर्वाचनसम्बन्धी खासगरी चारवटा तरिकाहरु हुन्छन् : (१) रणनितिक रुपमा भाग लिने (२) रणनितिक रुपमा बहिष्कार गर्ने (३) कार्यनीतिक रुपमा कहिले बहिष्कार कहिले उपयोग गर्ने (४) कार्यनीतिक रुपमा नै हो तर घुसपैठ गर्ने ।

प्रतिक्रियावादी वर्ग तथा यथास्थितिवादी शक्तिहरुले जहिले पनि निर्वाचनमा भाग लिन्छन किनकि त्यो उनीहरुको आदर्श हो । अर्कोथरि हुन्छन् बस्तुगत अवस्था तथा आत्मगत स्थितिको ठोस मुल्यांकन विना नै जहिले पनि बहिष्कारका कुरा गर्छन्, त्यो पनि आदर्श त हो तर अवस्तुवादी तरिकाको । जसले निर्वाचनलाई तत्कालिन कार्यनितिका आधारमा बस्तुगत अवस्था र आत्मगत स्थितिको ठोस मूल्यांकनसहित वर्ग संघर्षको उतारचढावलाई समेत ध्यानमा राखेर बहिष्कार या उपयोगको नीति तय गर्दछन् । घुसपैठ पनि वर्गसंघर्षको स्थिति र अवस्थालाई हेरेर तय गरिने नीति हो, जुन कुरा घोषणा गरेर गरिदैन ।

त्यसैले यतिबेला क्रान्तिकारीहरुले लिएको स्थानीय निर्वाचनको उपयोगको नीति बस्तुवादी छ । सही र क्रान्तिकारी विचारमा आधारित छ । यसका लक्षहरु पनि छन् । (१) निर्वाचन उपयोगको माध्यमबाट जनविरोधी संविधान तथा दलाल राज्यसत्ता तथा दलाल पार्टीहरु खासगरी नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्र र राप्रपा जस्ताको भण्डाफोर गर्ने । (२) हाम्रो पार्टीको नीति अथवा देश र जनताको पक्षमा हामीले गर्ने काम राष्ट्रियता, जनतन्त्र, जनअधिकारको विषयहरुलाई जनतामा वीचमा पुऱ्याउने । (३) उक्त लक्ष पुरा गर्न एक पटक क्रान्तिको जरुरत छ, विद्रोहको जरुरत छ र त्यसका निमित्त शक्तिको जरुरत छ, त्यसैले जनताको मन जित्ने र उनीहरुलाई संगठित गर्ने । (४) सैद्धान्तिक, राजनीतिक, सांगठनिक विषयका साथ साथै क्रान्तिकारीहरुलाई विजय गराएर वास्तवमा जनताको सेवागर्ने वातावरण बनाउने । वुर्जुवा वर्गका उम्मेद्वार, यथास्थितिका पक्षधर उम्मेदवार र क्रान्तिकारी विचारका पक्षधर उम्मेदवारका विचमा हामीले भेद छुट्याउन सक्नु पर्दछ । जनतालाई अहिले नै स्पष्ट बनाएर भोट हात पार्न सकेनौ भने पनि हामी सदासर्वदा जनताको सेवामा रहने छौ भन्ने कुरा प्रतिबद्धतामार्फत् जाहेर गर्नु पर्दछ र आगामी दिनमा सक्रियतापूर्वक जनताको सेवामा लागेर व्यवहारमा पुष्टी गरेर देखाउन सक्नु पर्दछ ।

क्रान्तिकारीहरुले जीत र हारलाई केवल भोटको कम वा बेशिलाई मात्र आधार बनाउनु हुँदैन । भोटको कम वा वेशीको पनि महत्व त छ तर मुख्य विषय भनेको प्रतिक्रियावादी वर्गको राज्यसत्ताले गरेका गलत क्रियाकलापको भण्डाफोर तथा हाम्रो पार्टीको, नीति, योजना र कार्यक्रमलाई जनताका विचमा कति सम्प्रेषण गर्न सकेमा त्यो नै हाम्रो मुख्य सफलता हो । जनतालाई कति प्रशिक्षित गर्न सक्यौ र संगठित गर्न सक्यौं, त्यो दोस्रो सफलता हो । यो नै यतिबेलाको निर्वाचनको उपयोगसम्बन्धी सही बुझाई हो ।

**३. निर्वाचन चिन्हसम्बन्धी बुझाई**

एउटै चुनाव चिन्ह भएको भए सजिलो हुने थियो । हुन पनि पर्थ्यो । मोर्चा दर्ता गर्नमा ढिलाई भएर वा मोर्चाको तर्फबाट समयमा पहल नभएर हामीले एउटै चुनाव चिन्ह नपाएका होइनौं । यो भ्रमबाट सबै मुक्त हुन पर्दछ । निर्वाचन चिन्ह नपाउनुमा एमाले, कांग्रेस र माओवादी केन्द्रका नेताहरुको दिमागमा जम्मा भएको प्रदर्शनको कारण ले हो । देशलाई उभो गतितिर होइन, उधो गतितिर धकेल्न चाहने चिन्तनको उपज हो । बरु बुर्जुवाहरुले जनतालाई भ्रम दिनका निमित्त भन्दै आएका र हामीले सुन्दै आएको विषय भनेको प्रजातन्त्रको उच्च अभ्यास भनेको लोकतन्त्र हो रे । त्यसमा दश वर्षको जनयुद्ध, १९ दिने जनआन्दोलन, मधेश आन्दोलन, आदिवासी जनजाति आन्दोलन पश्चात अझ संविधान सभाद्वारा बनेको संविधान र त्यसैका आधारमा प्राप्त लोकतान्त्रिक गणतन्त्र । जहाँ संसदमा उपस्थित २७ दलभन्दा बाहिर रहेका ७५ वटै जिल्लामा आफ्नो संगठन भएका पार्टीहरुलाई निर्वाचनमा भाग लिन वा उपयोग तयार भएर निर्वाचन आयोगमा दर्ता भएका पार्टीहरुलाई चुनाव चिन्ह दिनबाट प्रतिबन्ध लगाउनु भनेको उनीहरुले भन्ने गरेको प्रजातन्त्रको खिल्ली उडाउनु होइन ? यो पनि एउटा बुर्जुवाहरुले भन्ने एउटा र गर्ने अर्को विचको नाङ्गो उदाहरण होइन ?

त्यसैले यसलाई पनि भण्डाफोरको एउटा उदाहरण रुपमा प्रस्तुत गर्न सक्छौं । निर्वाचन चिन्ह फरक-फरक हुँदा र अन्तिम अवस्थामा आएर मात्र प्रचार गर्न पाउने हुँदा कठीनाइ त भएको छ तर यिनीहरुको भण्डाफोरका निमित्त ताजा उदाहरण प्रस्तुत गर्न त्यति नै मसला मिलेको छ भन्ने बुझ्नु पर्दछ । एउटै चिन्हका आधारमा क्रान्तिकारी शक्तिले भोट धेरै ल्याउँछ भन्ने आतंकित मानसिकताले पनि त्यसमा काम गरेको छ भन्न सकिन्छ । निर्वाचन चिन्ह, झुठा आश्वासन, आर्थिक प्रलोभन र गुण्डागर्दीलाई आधार बनाएर क्रान्तिकारीहरुले बुर्जुवाहरुसँग प्रतिस्पर्धा सोच्ने होइन । क्रान्तिकारीहरुले त माओले भने झै तिमी तिम्रो हतियार लिएर लड हामी हाम्रो हतियार लिएर लडछौं भन्ने झैं क्रान्तिकारी विचारका आधारमा लड्ने हो । विचारले हामी बलिया छौं, अहिले पनि हामी एक नम्बरमा नै छौ भन्ने बुझ्न आवश्यक छ ।

**४.आर्थिक कठीनाई**

बुर्जुवा सत्ता वा व्यवस्थामा हुने असमानता नै आर्थिक असमानता हो । आखिरी सर्वहारा वर्ग र पूँजीपति वर्गका विचको लडाई नै त्यसैमा छ । हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी), पार्टी समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा वा अन्य जबस, मोर्चाहरु वास्तविक अर्थमा सर्वहारा वर्गको प्रतिनिधित्व गर्ने पार्टी, संघ संगठनहरु हुन् । दश वर्षको जनयुद्ध र दशवर्षको शान्ति प्रक्रियाका क्रममा मार्क्सवादी द्वन्द्वात्मक नियम मुताविक केही राम्रा केही नराम्रा घटना परिघटन देखि केही राम्रा व्यक्तिहरु र केही नराम्रा व्यक्तिहरुको चलखेल पनि भयो । केही व्यक्तिहरुको सोच, विचार, आनि, वानी, कार्यशैली र आर्थिक अपचलनका नकारात्मक प्रवृत्तिका कारण जनतामा नराम्रो प्रभाव पर्न पनि गयो । दुई, तीन पटकको फुट र विभाजनले केही नकारात्मक प्रभाव छाडेपनि पार्टीका कभरमा आर्थिक चलखेल गर्न सिपालु व्यक्तिहरु यतिबेला क्रान्तिकारी पार्टीबाट बाहिरिएका छन् । यो सकारात्मक पक्ष हो । यसमा हामी सबै सर्वहारा वर्गका प्रतिनिधिले गर्व गर्नु पर्दछ ।

त्यसैले इमान्दार आर्थिक रुपमा कमाजोरहरुको जमघट यस पार्टीमा छन् भन्दा अतिशयोक्ति हुँदैन । तर स्थानीय निर्वाचनमा देजमोका तर्फबाट उठेका व्यक्तिहरु समेत सर्वहारा वर्गकै प्रतिनिधि हुदा निर्वाचन परिचालनमा साच्चिकै आर्थिक संकट परेकै छ । एमाले, कांग्रेस, माओवादी केन्द्र र राप्रपा जस्ता सत्तामा रहेका पार्टी र आर्थिक आधार निकै माथि भएका उम्मेदवारहरुको खर्च गराई र तडकभडकले सर्वहारा वर्गका वास्तविक प्रतिनिधिलाई आर्थिक रुपमा निकै कमजोर भएको महशुस भएको जस्तो मान हुदै गरेको स्पष्ट रुपमा देख्न सकिन्छ । आर्थिक रुपमा कमजोर भयौं भनेर पश्चाताप होइन गर्भका साथ आम जनतालाई भन्नु सक्नु पर्दछ वास्तवमा हामी गरिव, दुःखी, समाजमा हेपीएका शोषित,उत्पीडित जनताका वास्तविक प्रतिनिधि हो भनेर । हाम्रा जीवन व्यवहार र आर्थिक आधार हेरेर पनि जनताले मुल्यांकन गर्ने छन् । अन्ततः गर्नु पर्दछ ।

**५.अन्तमा**

सर्वहारा वर्गको पार्टीका अगाडी कुनै पनि तम्तयार वस्तुहरु हुँदैनन् । किन कि, हामीले ल्याउने समाज भनेको दार्शनिक, राजनीतिक, सांगठानिक साँस्कृतिक र सामाजिक रुपमा नै नितान्त फरक प्रकारको समाज हो । जो विद्यमान समान्तवादी तथा पुँजीवादी समाज भन्दा फरक छ । त्यसैले वलपुर्वक स्थापित गरिएको पूँजीवादी राज्य सत्तालाई बलपूर्वक नै ध्वस्त बनाउन आवश्यक छ । यतिबेलाको स्थानीय निर्वाचन उपयोग गर्नुको अर्थ भनेको वर्तमान जनविरोधी संविधानलाई स्वीकार गरेर होइन । बरु, यसलाई भत्काउन जनताको संविधान बनाउने जनआधार तयार पार्न वर्तमान दलालहरुको राज्य सत्तालाई बलियो बनाउन होइन बरु दलालहरुको सत्तालाई ध्वस्त बनाएर संघीय जनगणतन्त्रात्मक सत्ता निर्माणका लागि विद्रोहका निमित्त आधार तयार पार्न आम जनतालाई स्पष्ट पार्न जनसंगठन निर्माण गर्नु हो । साथै, जनताबाट निर्वाचित भए पनि नभए पनि जनताको सेवा गर्न जनतामा प्रतिबद्धता जाहेर गर्नु हो । विविध प्रकारका कठीनाईलाई पन्छाउदै सक्रियतापूर्वक जनताको सेवामा समर्पित भएर अगाडि बढ्नु नै सबै क्रान्तिकारीहरुको दायित्व हो । वर्तमान स्थानीय निर्वाचनलाई यसै रुपमा ग्रहण गर्नु नै अहिलेको आवश्यकता हो ।

## अब...

गाउँपालिकाअन्तर्गत सत्येश्वर माविमा रहेको मतदान केन्द्रमा सुरक्षाकर्मीको कारबाहीमा एकजनाको निधन भएको र त्यस केन्द्रको मतदानकार्य पनि स्थगित भएको आयोगले जनाएको छ ।

यसैबीच, पछिल्लो एक दशकमा भएका दुईवटा संविधानसभा निर्वाचनमा पनि करिब-करिब यही अनुपातमा मत खसेको देखिएको छ । २०६४ सालको संविधानसभा निर्वाचनमा ६१ दशमलव ७० र २०७० सालको संविधानसभा निर्वाचनमा ७८ दशमलव ३४ प्रतिशत मत खसेको थियो । मतदाता नामावलीमा नाम रहेका ठूलो संख्यामा मतदाताहरू वैदेशिक रोजगारीमा भएको र गाउँमा नामावली रहेर बसोबास काठमाडौँ वा अन्यत्र सहरमा रहेकाले पनि केही प्रतिशत मतदाताको सहभागिता कम हुने गरेको छ ।

## दलीय...

अर्को सबैभन्दा ठूलो छटपटाहट क्रान्तिकारी माओवादीबाट फुटेर गएको नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपालाई भयो । उसले क्रान्तिकारी माओवादीकाविरुद्ध सामाजिक सञ्जालदेखि सार्वजनिक मञ्चसम्म नै क्रान्तिकारी उपयोगको नीतिविरुद्ध प्रचारबाजी गऱ्यो । यो उनीहरुको निर्वाचनप्रतिको क्रान्तिकारी दृष्टिकोण, यसलाई उपयोग गरेर अहिलेको सर्वसत्तावादी, फाँसीवादी दलीय प्रणालीविरुद्ध धावा बोल्नुपर्ने आवश्यकतामाथिको अल्पज्ञान हो । विप्लवको नेकपाले क्रान्तिकारी माओवादीमाथि जुन किसिमको धावा बोलेको छ यसले नेपालमा परिवर्तनका लागि संघर्षरत नेपाली जनता र क्रान्तिकारी पार्टीलाई दुःखी तुल्याएको छ भने संसदवादी र पुरानै सत्तालाई संस्थागत गर्नेहरुलाई खुसी बनाएको छ । साधारण आँखाले हेर्दा विप्लवको नेकपाको बहिस्कारको नीति देखिएपनि यसले क्रान्तिकारी तप्कालाई कमजोर बनाउन र फाँसीवादी व्यवस्थालाई बलियो बनाउन सहयोग पुगेको छ । पात्र र प्रवृत्ति फरक देखिएपनि अहिलेको माओवादी केन्द्र (माके) को यात्रा र विप्लवको नेकपाको यात्रा र उद्देश्य एउटै देखिन्छ ।

अब प्रश्न आउँछ कि क्रान्तिकारी माओवादीले किन निर्वाचनलाई उपयोग गऱ्यो ? यसका निश्चित तर्क र उद्देश्यहरु थिए, जसमा क्रान्तिकारी माओवादी सफल भयो । निर्वाचन उपयोगका माध्यमबाट जनविरोधी संविधान र राज्यसत्ता तथा दलाल शक्तिहरुको भण्डाफोर, राष्ट्रियता, जनतन्त्र र जनजीविका सवाललाई जनताको घरघरमा पुऱ्याउने, स्थानीय स्तरमा जसरी जनसम्पर्क टुटेको अवस्था थियो, त्यसलाई पुर्नस्थापित गर्ने, नेपालमा नयाँ जनवादी क्रान्तिलाई अघि बढाउनका लागि क्रान्तिकारीहरुलाई संगठित गर्ने उद्देश्यमा क्रान्तिकारी माओवादी सफल भएको छ । दोस्रो चरणको निर्वाचनमा समेत क्रान्तिकारीहरुले त्यसलाई सचेततापूर्वक प्रयोग गर्ने दिशामा जानुपर्छ र क्रान्तिकारीहरुलाई संगठित गर्ने नयाँ जनवादी क्रान्तिको दिशामा अघि बढ्नुको अर्को विकल्प छैन ।

अब संक्षिप्तमा निर्वाचन परिणामको अवस्थालाई पनि यहाँ नियाल्नु आवश्यक छ । निर्वाचनअघिको अवस्थालाई हेर्दा क्रान्तिकारीहरुको अवस्था कमजोर नै छ । त्यसलाई हामीले यो वा त्यो अर्थमा मजबुतीको ट्याग लगाउनुपर्ने आवश्यकता थिएन र क्रान्तिकारीहरुले त्यसो गरेनन् पनि । तर निर्वाचनपछिको अवस्थामा क्रान्तिकारीहरु थप संगठित बन्ने अवस्थाको सिर्जना हुनेछ । संसदीय परिपाटी र प्रतिक्रियावादी राज्यसत्ताको छत्रछायाँमा हुने निर्वाचनको परिणाम क्रान्तिकारीहरुको पक्षमा विरलैमात्र आउने गर्दछ । त्यसैले यो निर्वाचनबाट पनि क्रान्तिकारीहरुले चौतर्फी विजयी पाउँछन् भन्ने आशा गरिएको होइन र त्यस्तो हुँदैन । तर जित्न प्रयत्न क्रान्तिकारीहरुले गर्नैपर्छ र हरेक मोर्चामा क्रान्तिकारीहरु अब्बल साबित हुनुपर्छ ।

यो निर्वाचनको परिणाम नयाँ तरिकाले आउने देखिएको छैन । यसले पुरानै प्रतिक्रियावादी र तिव्र रुपमा प्रतिक्रियावादतर्फ गइरहेको शक्तिले नै विजयी पाउने अवस्था देखिएको छ । यसले जसरी उनीहरुले सिंहदरवारको अधिकार गाउँमा पुगेको भ्रम फैलाइरहेका छन्, त्यसो नभएर सिंहदरवारको सिनो वरिपरी घुमेका भ्रष्ट, दलाल, फाँसीवादीहरु गाउँगाउँमा पुग्नेछन् । त्यसविरुद्ध खबरदारी गर्ने र जनतालाई गोलबन्द गरी परिचालन गर्ने काम चाँहि क्रान्तिकारीहरुले मात्रै गर्न सक्छन् । यसले स्थानीय स्तरमा जनतालाई संगठित गर्न र क्रान्तिका लागि आधार तयार पार्न मद्दत पुग्नेछ । अर्को कुरा यो निर्वाचनमा काँग्रेस, एमाले, माओवादी केन्द्र र राप्रपाबाहेकका शक्तिलाई जनताले दिने मतलाई पनि आकलन गर्नुपर्छ । यो निर्वाचनले ति चारवटा बाहेक अन्य शक्तिलाई चयन गरे भने त्यो समाज अब संसदवादी दलका हर्कतको विकल्प खोजिरहेको छ भन्ने बुझ्नुपर्दछ । अहिलेको राष्ट्रघाती, दलाल चरित्रका विरुद्धको संघर्ष प्रमुख हो । प्रतिक्रियावादी व्यवस्थाभित्र हुने निर्वाचनको परिणामबाट क्रान्तिकारी असाध्यै खुसी र असाध्यै निराश हुनु आवश्यक छैन ।

अन्त्यमा नेपालको प्रजातन्त्र एउटा नमुना लोकतन्त्र हो । जहाँ प्रजातान्त्रिक मूल्यमान्यतालाई अबलम्बन गर्न कथित प्रजातन्त्रवादीले नै आवश्यक ठान्दैनन् । यो व्यवस्था प्रजातान्त्रिक नभएर निरंकुश र फाँसीवादी चरित्र हो । केही दलले यो देशलाई बाँडीचुडी खाने लुटतन्त्रको थलोका रुपमा परिणत गरेका छन् । आफूहरु बाहेक अरुले प्रतिस्पर्धा गर्न नपाउन र परिवर्तनका एजेन्डा भएका पार्टीले संसदीय व्यवस्थामा नै हामीलाई गुल्ट्याइदिन्छन् भनेर यिनीहरुले निर्वाचनमा भाग लिने शक्तिलाई निर्वाचन चिन्ह नै नदिएबाट पनि यिनीहरुको फाँसीवादी चरित्र प्रष्ट हुन्छ । अहिलेको निर्वाचनमा क्रान्तिकारी माओवादीको देजमोका उम्मेदवारले यो फाँसीवादविरुद्ध स्वतन्त्र चुनाव चिन्ह लिएर नै धावा बोलेका छन् । निर्वाचनका परिणाम जस्तो आएपनि यसले आम जनतालाई संगठित गरेर क्रान्तिको आधार तयार गर्नेछ । यसअर्थमा देजमोको निर्वाचन उपयोगको नीति सफल भएको छ र उम्मेदवारहरु विजयी बनेका छन् ।

## अब...

निर्माण, विशेष आर्थिक क्षेत्र, औद्योगिक पार्क निर्माण, चिनियाँ लगानी नेपालमा भित्र्याउनेलगायत विषय छन् । यही क्षेत्रअन्तर्गत दुई देशबीचको स्वतन्त्र व्यापारको सम्भावनाको विषय समेटिएको छ ।

समझदारीपत्रमा सन् २०१७ भित्र स्वतन्त्र व्यापार सम्झौता गर्न दुई देशबीच अध्ययन गर्ने भन्ने वाक्यांश राखिएको छ । चीनसँगको नेपालको बढ्दो व्यापार घाटालाई दृष्टिगत गरी स्वतन्त्र व्यापारका विषयमा अहिले नै चीनसँग ठोस सम्झौता गर्ने अवस्था नरहेको धारणा चिनियाँ पक्षलाई सुनाइएको छ । समझदारीपत्र अनुसार सहकार्यको चौथो क्षेत्र आर्थिक एकीकरण हो । यसमा चिनियाँ बैंकलाई नेपालमा शाखा खोल्न दिने, द्विपक्षीय आर्थिक कारोबारमा नेपाल तथा चिनियाँ मुद्राको प्रयोगलाई बढी प्राथमिकता दिनेलगायत विषय समेटिएका छन् ।

समझदारीपत्रको पाँचौं क्षेत्रमा जनस्तरको सम्पर्क विकास गर्ने विषय छ । यसअनुसार चीन र नेपालका निजी तथा सरकारी संस्थाबीचको सहकार्य मजबुत बनाउने, सरकारी अधिकारी र सांसदहरूको भ्रमण आदानप्रदान बढाउने, सञ्चारमाध्यमहरूबीचको सहकार्य सुदृढ बनाउने, चीन र नेपालका सहरहरूबीचको भगिनी सम्बन्धलाई बढावा दिने उद्देश्य लिइएको छ ।

समझदारीपत्रको दस्तावेजलाई नेपाल तथा चीन दुवैले सार्वजनिक गरेका छैनन् । 'चिनियाँ पक्षको अनुरोधअनुसार दस्तावेज सार्वजनिक नगरिएको समाचार स्रोतले बतायो ।

यसैबीच, मे १४ र १५ मा भएको ओबरको अन्तर्राष्ट्रिय फोरममा भाग लिन नेपाल सरकारको तर्फबाट उपप्रधान तथा अर्थमन्त्री कृष्णबहादुर महराको नेतृत्वमा चीन गएको टोलीसँग चीनले सम्झौता अनुसार नेपालको विकास, र पुनर्निर्माणमा महत्वपूर्ण सहयोग गर्ने वचन दिएको छ ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४११९०६५७२
गोपाल थापा - ९८४१८११२२४

माइक्रो काउन्टर

| काठमाडौं फोन | बाग्लुङ |
|---|---|
| ०१४३८८३९३ | ०६८५२२२२० |

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिबाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# प्रतिक्रियावादी सत्तास्वार्थका लागि अपवित्र गठबन्धन



रामसिंह श्रीस

स्थानीय तहको पहिलो चरणको निर्वाचनमा जताततै चुनावी गठबन्धन देखियो । यो गठबन्धन एकै प्रकारको नभएर विभिन्न प्रकारको छ । कतै उम्मेदवार मनोनयन नहुदै गठबन्धन भएभने कतै उम्मेदवार मनोनयन भएपछि गठबन्धन भएका छन् । काठमाडौं महानगरपालिकामा र ललितपुर महानगरपालिकामा एमाले र राप्रपा बीच चुनावी गठबन्धन भएको छ । पोखरा लेखनाथ महानगरपालिका र भरतपुर महानगरपालिकामा नेपाली कांग्रेस र माओवादी केन्द्रको बीचमा चुनावी गठबन्धन भएको छ । बाग्लुङ नगरपालिकामा एमाले, राप्रपा र राष्ट्रिय जनमोर्चा बीच चुनावी गठबन्धन भएको छ । लम्जुङ र तनहुँमा एमाले र माओवादी केन्द्र बीच तालमेल भएको छ । वडा तहसम्म जाँदा चुनावी गठबन्धन यस्तो भएको छ कि त्यहाँ कुनै नीति सिद्धान्त कार्यक्रमले काम गरेको छैन । चुनावी गठबन्धन पद जित्ने उद्देश्यसँग मात्र सिमित छ ।

जब प्रतिस्पर्धीलाई एक्लै पराजित गर्न सम्भव हुन्न तव त्यहाँ चुनावी गठबन्धन हुन्छ । प्रतिपक्षिमा बसेर चुनाव जित्छौं भन्ने एमालेले राप्रपा सँग चुनावी गठबन्धन गर्‍यो । सरकारमा गएर चुनाव परिणाम आफ्नो पक्षमा पाछौं भन्ने नेका र माओवादी केन्द्रले पनि चुनावी गठबन्धन गरेका छन् । सत्तामा रहेका र प्रतिपक्षमा रहेका पार्टीहरु नेका, एमाले र माओवादी केन्द्रले जसरी चुनावी गठबन्धन गरे त्यसले के कुरा प्रष्ट भयो भने बाहिर एक्लै चुनाव जित्छौं भनेर जति झ्याली पिटे पनि भित्र एकलै चुनाव जितिन्छ भन्ने विश्वास रहेन छ । त्यसकारण उनीहरुले अप्राकृतिक चुनावी गठबन्धन गर्न पुगे । आफुले गरेका जनविरोधी र राष्ट्रिय स्वाधिनता विरोधी कार्यहरुले गर्दा जनतामा आफुहरु प्रति आक्रोश छ भन्ने कुरा उनीहरुले राम्रैसँग मनन् गरेको कुरा यो चुनावी गठबन्धनले प्रष्ट पार्दछ ।

*निर्वाचनमा राजनीतिक दलहरूको बीचमा चुनावी गठबन्धन हुन सक्छ र हुन्छ । चुनावी गठबन्धन राजनीतिक कार्यदिशा र राजनीतिक, आर्थिक, सामाजिक कार्यक्रमको आधारमा हुन्छ । तर नेपालमा अहिलेको स्थानीय तहको निर्वाचनमा राजनीतिक दलहरूको बीचमा जुन चुनावी गठबन्धन भएको छ त्यो नीति, कार्यक्रमको आधार होइन कि नितान्त सत्ता स्वार्थमा केन्द्रीत भएर भएको छ । आफुलाई बहुदलीय जनवादको पक्षधर र कम्युनिष्ट पार्टी भन्ने एमालेले राजतन्त्र र हिन्दूराज्य बनाउन पर्दछ भन्ने प्रतिगामी राप्रपा सँग चुनावी गठबन्धन गरेको छ । ठीक त्यसै गरी आफुलाई सर्वहारा वर्गको राजनीतिक पार्टी भन्ने माके ले दलालपूँजीपति वर्गको पार्टी नेकासँग चुनावी गठबन्धन गरेको छ । यो चुनावी गठबन्धन जनता र राष्ट्रको स्वार्थलाई अगाडी राखेर होइन कि आफ्नो सत्ता स्वार्थलाई केन्द्रमा राखेर बनेको हदै दर्जाको अवसरवादी गठबन्धन हो । यसले देश जनताको हितमा काम गर्दैन ।*

निर्वाचनमा राजनीतिक दलहरुको बीचमा चुनावी गठबन्धन हुन सक्छ र हुन्छ । चुनावी गठबन्धन राजनीतिक कार्यदिशा र राजनीतिक, आर्थिक, सामाजिक कार्यक्रमको आधारमा हुन्छ । तर नेपालमा अहिलेको स्थानीय तहको निर्वाचनमा राजनीतिक दलहरुको बीचमा जुन चुनावी गठबन्धन भएको छ त्यो नीति, कार्यक्रमको आधार होइन कि नितान्त सत्ता स्वार्थमा केन्द्रीत भएर भएको छ । आफुलाई बहुदलीय जनवादको पक्षधर र कम्युनिष्ट पार्टी भन्ने एमालेले राजतन्त्र र हिन्दूराज्य बनाउन पर्दछ भन्ने प्रतिगामी राप्रपा सँग चुनावी गठबन्धन गरेको छ । ठीक त्यसै गरी आफुलाई सर्वहारा वर्गको राजनीतिक पार्टी भन्ने माके ले दलालपूँजीपति वर्गको पार्टी नेकासँग चुनावी गठबन्धन गरेको छ । यो चुनावी गठबन्धन जनता र राष्ट्रको स्वार्थलाई अगाडी राखेर होइन कि आफ्नो सत्ता स्वार्थलाई केन्द्रमा राखेर बनेको हदै दर्जाको अवसरवादी गठबन्धन हो । यसले देश जनताको हितमा काम गर्दैन ।

राप्रपा र नेकाले एमाले र माओवादी केन्द्र सँग चुनावी गठबन्धन गर्नु कुनै अनौठो कुरा होइन । तर एमाले र माओवादी केन्द्रले राप्रपा र नेकासँग चुनावी गठबन्धन गर्नु पुग्नुको मुख्य कारण यी पार्टीहरुमा आएको सैद्धान्तिक, राजनीतिक विचलन र वर्गीय पदाधरताको परित्याग हो । कम्युनिष्ट पार्टी भनेको सर्वहारा वर्गको राजनैतिक पार्टी हो । यसले सर्वहारा वर्गको अधिनायकत्वमा आम शोषित पिडित जनसमुदायको पक्षमा काम गर्दछ । नाम कम्युनिष्ट पार्टी राखे पनि जब त्यो पार्टीले सर्वहारा वर्गको पक्षधर्तालाई बिर्सन्छ त्यसबेला त्यो पार्टीले पूँजीपति र सामन्त वर्गकै हितमा काम गरेको हुन्छ । वर्ग संघर्षलाई छोडेको हुन्छ र वर्ग समन्वयलाई लागु गरिरहेको हुन्छ । अहिले यहाँ एमाले र राप्रपा, नेका र माओवादी केन्द्र बीच भएको चुनावी गठबन्धनमा यही कुराले काम गरेको छ ।

यसप्रकारको चुनावी गठबन्धनले देशलाई अग्रगामी परिवर्तनको दिशातिर होइन कि यथास्थिति र प्रतिगमनको दिशातिर ढकेल्ने छ । स्थानीय तहको निर्वाचनमा यसप्रकारको चुनावी गठबन्धन पहिलो चोटी भएको भएता पनि सत्ता प्राप्तिको लागि यस प्रकारको गठबन्धन पहिले देखि नै हुँदै आएको छ । २०४६ सालको परिवर्तन पछि जव एमालेको नौ महिने सरकार ढल्यो त्यसपछि एमालेले नेकाको विरुद्धमा पूर्वपंचहरुको पार्टी राप्रपा सँग मिल्न पुग्यो । यतिसम्म कि पूर्वपंच सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाएर त्यो सरकारमा एमाले सहभागी हुन पुग्यो । दशवर्षे जनयुद्ध र ०६३/०६३ को आन्दोलनले ल्याएको परिवर्तन पछि पनि नेका, एमाले र माओवादी केन्द्रको नेतृत्वमा सरकार हुँदा पनि सवै पार्टीहरुले पूर्व पंचहरुको पार्टी राप्रपालाई सरकारमा सामेल गराए । ०४६ को जनआन्दोलन र ०६२/०६३ को आन्दोलनले पाखा लगाएका पूर्व पंचहरु र राजावादी शक्तिहरुलाई नेका, एमाले र माओवादी केन्द्रले काखी च्यापेर मलजल गरिरहेका छन् । अहिले पनि स्थानीय तहको चुनावमा उनीहरु सँग तालमेल गरेर विभिन्न ठाँउबाट जिताएर ल्याउदै छन् । यी ठुला भनिने पार्टीहरुको यस प्रकारको गतिविधिले आन्दोलनले पाखा लगाएको राजावादी शक्तिहरुको गुमेको जन आधारलाई विस्तारै बढाउँदै छ । एमाले र माओवादी केन्द्रको राप्रपा र नेका सँग चुनावी गठबन्धन गर्ने र सत्ता साझेदारी बनाउने नीति र कार्यले नेपालको कम्युनिष्ट आन्दोलनलाई त क्षति पुर्‍यायो नै पूँजीवादी संसदीय व्यवस्था भित्र हुने काम पनि गर्न सकेको छैन । जनतालाई अधिकार विहिन र राष्ट्र्लाई पराधिन बनाउँदै लगेका छन् ।

यस प्रकारको अवस्थामा सरकारमा भएका नेका, माओवादी केन्द्र, प्रतिपक्षीमा भएको एमाले र प्रतिगामी शक्ति राप्रपाको विरुद्धमा भण्डाफोर अभियानलाई तीव्र बनाउनु सबै क्रान्तिकारी शक्तिहरुको साझा कर्तव्य हो ।

# 'जिते जनताको काम, हारे क्रान्तिका कमाण्डर'




काठमाडौं । निर्वाचनको सम्मुखमा आयोजित पत्रकार भेटघाटमा नेकपा (क्रान्तिकारी माओवादी) का वरिष्ठ नेता तथा देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष सीपी गजुरेलले आफूहरुले स्थानीय तहको निर्वाचन आधा जित हासिल गरिसकेको दाबी गरेका थिए । अहिलेको निर्वाचनबाट आफूहरु सत्ता प्राप्ति हुन्छ भन्ने भ्रममा नरहेका कारण स्थानीय निर्वाचनमा गएर क्रान्तिका कमाण्डरहरु तयार पारेको बताएका थिए । बागबजारस्थित होटल हार्दिकमा आयोजित अन्तर्क्रिया कार्यक्रममा बोल्दै उनले भने, 'हामीले निर्वाचनको आधा हिस्सा जितिसकेका छौं, अब जनताले आफ्ना प्रतिनिधिका रुपमा चुनेमा जनताको काम गर्छौं, नगरेमा उनीहरुलाई नै क्रान्तिको कमाण्डर बनाएर नयाँ जनवादी क्रान्ति पूरा गर्ने दिशामा अघि बढ्छौं ।'

अहिलेको निर्वाचन परिवर्तनकारी र यथास्थितिवादी शक्तिबीचको प्रतिस्पर्धा भएका कारण आफूहरुको भोट नबाँडिने उनको भनाई थियो । उनले भनेका थिए, 'अहिलेको संविधान नमान्ने र क्रान्तिको पक्षमा रहेको शक्ति निर्वाचनमा भाग लिएको भए पो भोट बाँडिन्छ ? परिवर्तनको पक्षमा रहेका मतदाताका लागि हामी एकमात्र विकल्प भएका कारण आफूहरुको भोट सुरक्षित रहेको छ ।'

नेता गजुरेलले संविधान सभा बहिस्कार गरेर पनि स्थानीय निर्वाचनमा सहभागी भएको भनेर विभिन्न पक्षबाट आलोचना गर्नुको कुनै अर्थ नरहेको उल्लेख गरे । उनले क्रान्ति उभारमा रहेका बेला निर्वाचन बहिस्कार गर्ने र उतारमा रहेका बेला क्रान्तिकारी शक्तिलाई एकत्रित र सुदृढ बनाउनका लागि निर्वाचनमा भाग लिनु सामान्य विषय भएको भन्दै रुसमा जारशाहीले गराएको दुमाको निर्वाचनमा लेनिनको पार्टीले भाग लिएको उदाहरण दिए ।

उनले अहिलेको संविधान अस्वीकार गरेर निर्वाचनमा सहभागी हुने आफूहरु एक्लो पार्टी भएको उल्लेख गरे । उनले भने, 'हामी स्थानीय निर्वाचनमा संविधान मानेर आएको भनेर हल्ला फैलाइएको छ, त्यस्तो भ्रममा नपर्नुहोला, हामी त यो संविधानलाई यही व्यवस्थाभित्र र बाहिर दुवैतिरबाट सिध्याउनका लागि निर्वाचनमा सहभागी भएका हौं ।'

अहिलेको स्थानीय तहको निर्वाचनमा संसदवादी दलले विकासका नारा दिन उनीहरुको ढोङमात्र भएको भन्दै पञ्चायती कालमा भन्दा बढी राष्ट्र्घात गर्नेलाई विकासका नारा लगान नसुहाउने उल्लेख गरे । देजमोका अध्यक्ष गजुरेलले विकासका नारा अहिलेभन्दा बढी पञ्चायतले लगाएको, त्यसपछि बहुदलीय व्यवस्थामा दलहरुले त्यसैलाई नक्कल गरेको उल्लेख गर्दै नारा लगाउँदैमा देश विकास हुने भए राणाकालमा, पञ्चायती कालमा र बहुदलीय व्यवस्थामा किन नभएको भन्दै प्रश्न गरे ।

अहिलेको राजनीतिक व्यवस्था गणतन्त्र, या लोकतन्त्र नभई निरंकुश तन्त्र, लुट तन्त्र, ठग तन्त्र भएको उल्लेख गर्दै सुशीला कार्की, नवराज सिलवालहरु त्यसैको शिकार भएको उनको टिप्पणी थियो

अहिलेको स्थानीय निर्वाचनमा पैसाको खोलो बगाइएको उल्लेख गर्दै उनले संसदवादी दलहरुले अहिले खर्च गरेको पैसा स्थानीय तहबाटै ब्याजसहित उठाउने उल्लेख गर्दै आफूहरुले निर्वाचनमा एक पैसा पनि खर्च नगरेका कारण चुनाव जितेमा इमान्दारिताका साथ जनताको पक्षमा कामहरु अघि बढाउने समेत उल्लेख गरेका थिए ।

पत्रकार भेटघाटमा काठमाडौं र ललितपुर महानगरपालिकाका मेयर र उपमेयरका प्रत्यासीहरु सहित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका सचिव परि थापा, नेकपा (क्रान्तिकारी माओवादी)का प्रवक्ता हरिभक्त कँडेल, कार्यालय सदस्य रामसिंह श्रीसलगायत नेताहरुको उपस्थिति रहेको थियो ।

## साइबर...

युरोपेली युनियन प्रहरी एजेन्सी (युरोपोल) ले शुक्रबार भएको साइबर हमलाबाट विश्वका १ सय ५० देशका २ लाख सिस्टम प्रभावित भएको र सोमबार विश्वमा कार्यालय सञ्चालनमा आएपछि यसको संख्या थप बढ्ने चेतावनी दिएको छ ।

युरोपोलका प्रमुख रोब भेनराइटले बेलायती आईटीवीसँगको कुराकानीका क्रममा यसलाई संसारका लागि बढ्दो खतरा भएको जनाउँदै अब हुने सम्भावित हमलालाई लिएर चिन्ता जनाएका हुन् । साइबर हमलामा रुस र बेलायत सबैभन्दा बढी प्रभावित भएका छन् ।

यो साइबर हमलालाई भीषण बताउँदै उनले भने, 'हाम्रा सामु गम्भीर खतरा छ । प्रभावित हुनेको संख्या बढिरहेको छ । हामी हरेक वर्ष साइबर अपराधका विरुद्ध २ सय वैश्विक अभियान चलाइएको छ, तर हामीले कहिल्यै यस्तो देखेका छैनौं ।' भेनराइटले भने, 'ताजा आकडा कम्तिमा पनि १ सय ५० देशमा २ लाख भन्दा बढी पीडित रहेका छन्, यसको विश्वव्यापी पहुँच आश्चर्यजनक रहेको छ ।'

साइबर हमलाका पीडितमध्ये केहीले भने फिरौती समेत तिरेको उनको भनाई छ । यो साइबर हमलाबाट बेलायतको नेशनल हेल्थ सर्भिस (एनएचएस) नराम्ररी प्रभावित भएको छ । जसका कारण विरामीको अनलाईन रेकर्डबाट समेत पहुँच बाहिर पुगेको छ । यो हमलापछि एक प्रोग्रामले हजारौं स्थानमा कम्प्युटर लक गरेर पेमेन्ट नेटवर्क 'बिटकाइन' बाट फिरौती मागिएको थियो ।

अमेरिकी सुरक्षा एजेन्सीले बनाएको प्रविधिको प्रयोग गरेर गरिएको यो हमलामा स्वास्थ्य सेवासँग जोडिएका ४० वटा संस्था प्रभावित बनेका छन् । यो प्रणाली ह्याक गर्न प्रयोग भएको रेनसमवेयर एक कम्प्युटर भाइरस हो । यो भाईरसले कम्प्युटरमा रहेका फाइल र भिडियोलाई खुल्न दिँदैन र पैसा दिएपछि मात्रै त्यसलाई खुल्ने बनाउँछ । यस्तो भाइरस प्रयोगकर्ताले नै फिरौती बुझाउनका लागि पनि समयसिमा निर्धारण गरेको हुन्छ । यदि समयसीमामा पैसा नदिएमा फिरौती रकमसमेत बढाउँदै जान्छ ।

आतंककारी विरुद्ध ह्याकिङ गर्न भनेर अमेरिकी राष्ट्रिय सुरक्षा निकायले विकास गरेको कम्युटर प्रोग्राम कै प्रयोग गरेर साइबर आक्रमण भएको अन्तरराष्ट्रिय सञ्चार माध्यमले जनाएका छन् । यो साइबर हमला अहिलेसम्म रेकर्ड भएका मध्ये सबैभन्दा ठूलो भएको बताइएको छ ।

**रेनसमवेयर सरकारका लागि चेतावनी** !

माइक्रोसफ्टका अध्यक्ष ब्याड स्मिथले संसारका सरकारसँग शुक्रबार भएको साइबर हमलालाई चेतावनीका रुपमा लिन भनेका छन् । उनले यो हमला आश्चर्यजनक रहेको र अमेरिकी राष्ट्रिय सुरक्षा एजेन्सी (एनएसए) सँग जोडिएको उल्लेख गरेका छन् । उनले सरकारलाई साइबर हतियारप्रतिको आफ्नो नीति परिवर्तन गर्न जरुरी रहेको बताए । आइतबार माइक्रोसफ्टले एक विज्ञप्ति नै जारी गरेर कम्प्युटर सिस्टममा सुरक्षासँग जोडिएका जानकारी राख्ने सरकारी नीतिको आलोचना गरेको छ । विज्ञप्तिमा भनिएको छ, 'हमलामा सीआईएले अति संवेदनशील सूचना विकिलिक्सले कसरी हात पार्न सफल भयो र अब एनएसएका यस्तै संवेदनशील सूचना चोरी गर्ने अभिप्रायबाट संसारभरका कम्प्युटर प्रभावित भए ।' माइक्रोसफ्ट ले गत वर्ष नै माइक्रोसफ्टले यो अपरेटिङ सिस्टमको प्रयोग गर्ने प्रयोगकर्तालाई राम्रो अपरेटिङ सिस्टममा काम गर्न अपिल पनि गरेको थियो ।

## निर्वाचनसँगै...

उम्मेदवार दाहाललाई भोट अपेक्षा मुताविक नहालेपछि जे गरेर भएपनि जितको घोषणा गर्न सत्ता र शक्तिको दुरुपयोग गरिरहेको दजमोका स्थानीय नेताहरुले बताएका छन् ।

यता काठमाडौंमा पनि मतपेटिका असुरक्षित भएको भन्दै देजमो लगायतका दलहरुले राष्ट्रिय सभागृहको प्रांगणमा नाराबाजी गरेको समाचार । दुवै ठाउँमा सर्वदलीय बैठक बसे पनि मत गणनाको निम्ति सहमति हुन सकेको छैन ।

यसैबीच, जारी मतगणनाको प्रारम्भिक मत परिणाम अनुसार प्रतिपक्षी दल नेकपा एमालेले अग्रता लिएको छ ।






**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।